**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**
- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,
सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ २७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 12 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६

## धोबिनी गापाले बजेट नल्याए आन्दोलन गर्ने स्थानीयको चेतावनी

प्रस, वीरगंज, २६ भदौ/
धोबिनी गाउँपालिकाका जनप्रतिनिधिहरूका कारण हालसम्म पालिकाको बजेट सार्वजनिकीकरण



नभएको भन्दै स्थानीयले बुधवार गापाध्यक्ष मदन चौहानलाई ज्ञापनपत्र बुझाएका छन् ।
गापा कार्यालयमा पुगी चालू आवका लागि बजेट पारित नगरे आफूहरू चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएको लोसपाका नेता ललन कुर्मीले बताए ।
उनले निर्वाचित जनप्रतिनिधिहरूको झगडाका कारण बजेट पारित नभएको र अहिले रकम अभावमा विद्यालयमा बालबालिकाको दिवाखाजासमेत रोकिएको बताए । उनले समयमा बजेट पारित नहुँदा सङ्घ तथा प्रदेश सरकारले दिने अनुदान रकम बर्सनि कटौती हुँदै आएको बताए ।
नेताहरूको आपसी विवादका कारण आम जनता मारमा परेको उनले बताए । गापाको विकासका लागि बजेट सार्वजनिकीकरण आवश्यक भएको भन्दै उनले गापाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारको ध्यानाकर्षण गराएको बताए ।
उनले यसै महीनाको मसान्तसम्म बजेट सार्वजनिक नगरे असोजमा गापा कार्यालयमा ताला लगाउने चेतावनी दिए । उनले टुक्रे योजना बन्द गरी गापामा ठोस योजनाहरू बनाउन, बालबालिका, युवा, वृद्ध, अपाङ्ग, महिला, दलित आदि मैत्री बजेट बनाउन ज्ञापनमा उल्लेख गरिएको बताए । यसैगरी, स्वास्थ्य चौकीमा एमबिबिएस अध्ययनरत चिकित्सक, प्याथलोजी सञ्चालन, सार्वजनिक अतिक्रमित जग्गा खाली गरी वृक्षारोपण, सामुदायिक विद्यालयहरूका भौतिक संरचनामा सुधार, विषयगत शिक्षकहरूको व्यवस्था, कृषिमा आधुनिकीकरणलगायतका विषय बजेटमा समावेश गरिनुपर्ने माग राखिएको बताए ।
ज्ञापनपत्र बुझाउन अम्बिका राउत कुर्मी, जङ्गबहादुर कुर्मी, महमद मेराजलगायतको सहभागिता थियो ।

## खाता सञ्चालनमा ल्याउन नगरप्रमुखलाई दबाब

नरेश यादव, पर्सागढी, २६ भदौ/
पर्सागढी नगरपालिकाका कार्यपालिका तथा वडा सदस्यहरूले नगरप्रमुख गोकर्ण पाठकलाई खाता सञ्चालन गर्नका लागि ज्ञापनपत्र बुझाएका छन् ।
नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति कार्यक्रम तथा बजेट ११औं नगरसभा असारको १० गते सम्पन्न गरिसकेको थियो । नगरसभा सम्पन्न भएको २५ दिनभित्र आर्थिक कारोबार गर्ने कानूनी प्रावधान रहे पनि नगरपालिकाले हालसम्म खाता सञ्चालन नगरेकोले नगर कार्यपालिका तथा वडा सदस्यहरूले खाता सञ्चालनको लागि नगरप्रमुख पाठकलाई बुधवार ज्ञापनपत्र बुझाएका हुन् ।
खाता सञ्चालन नहुनुको कारण, समयमा खाता सञ्चालन नहुँदा नगरबाट विनियोजित बजेटको कार्यान्वयन समयमा नभएर ढिलाइ हुने र समयमा कार्यसम्पादन नहुँदा पर्न जाने असरको जिम्मेवारी को हुने । नगरपालिका अन्तर्गतका सम्पूर्ण कामकाजमा असर परिरहेकाले सोको



जिम्मेवारी को हुने भन्ने जस्ता कुराहरू ज्ञापनपत्रमार्फत नगरप्रमुखको ध्यानाकर्षण गरिएको थियो ।
नगरप्रमुख पाठकले यसै महीनाको अन्तिमसम्म खाता सञ्चालन हुने बताए । खाता सञ्चालनमा ढिलाइ हुनुको कारण तीनवटा वडा ४, ६ र ८ ले कार्य योजनाहरू नगरपालिकामा नपठाएको हुनाले खाता सञ्चालन गर्न ढिलाइ भएको जवाफ दिएका थिए । उनले ती वडाहरूलाई चाँडो योजनाहरू पठाउन भनिएको र आएपछि यसै महीनाभित्रमा पर्सागढीको खाता सञ्चालन हुने बताए ।

## वाइफाईको कारण पत्नीको हत्या

प्रस, निजगढ, २६ भदौ/
निजगढ नगरपालिका-९ भमरा टोल बस्ने ४५ वर्षीय विमलकुमार बस्नेतले ४० वर्षीया पत्नी लक्ष्मी राईलाई वाइफाईको विषयलाई लिएर चर्केको विवादमा खुर्पा प्रहार गरी हत्या गरेका छन् ।
केही दिनदेखि घरको वाइफाईको रकम भुक्तानी नगरिएकाले बन्द भएको र सो विषयमा पत्नी लक्ष्मीलाई पति विमलले दबाब दिँदै आएका थिए । भुक्तानी नभएकोले बन्द नेटसेवा सञ्चालनका लागि पति विमलले पत्नी लक्ष्मीलाई दबाब दिँदै आएका र पत्नीले भने पैसा आएपछि जडान गर्ने भनेकी थिइन् ।
इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षण सुमित कुशवाहाले प्रारम्भिक अनुसन्धानबाट वाइफाई जडानका विषयमा पति-पत्नीबीच विवाद भएको र सोही विषयमा उत्तेजित विमलले हिजो राति आठ बजे पत्नी लक्ष्मीमाथि खुर्पा प्रहार गरेको बुझिएको बताए ।



अभियुक्त विमलकुमार बस्नेत ।

पतिको खुर्पा प्रहारबाट घाइते लक्ष्मीको हिजै राति निजगढ सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रनि कुशवाहाले बताए । उनले वाइफाईकै विवादमा विमलले घरछेउको शौचालयमा शौच गरिरहेकी लक्ष्मीमाथि खुर्पा प्रहार गरेको र घाँटी, हात र खुट्टा आदिमा खुर्पा लागेर घाइते लक्ष्मीको उपचारको क्रममा मृत्यु भएको उनले बताए ।
उनले शौचालयमा ढोका नभएको र पर्दाको आडमा शौच गरिरहेकी लक्ष्मीलाई भित्र पसेर विमलले खुर्पा प्रहार गरेको उनले प्रस्टयाए । मृतक लक्ष्मी राई चार वर्षदेखि पहिलो पतिलाई छाडेर विमलसँग बस्दै आएकी थिइन् । प्रनि कुशवाहाले विमल पक्राउ परेका र उनलाई बारा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको बताए ।

## भ्रष्टाचारमुक्त जनसेवाका लागि प्रदेश सरकार प्रतिबद्ध छ
-मुख्यमन्त्री सिंह

प्रस, जनकपुरधाम, २६ भदौ/
मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले भ्रष्टाचारमुक्त जनसेवाका लागि प्रदेश सरकार प्रबद्ध रहेको बताएका छन् ।
"सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध छ," मुख्यमन्त्री सिंहको भनाइ थियो ।
जनकपुरधाममा बुधवार आयोजित भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१ सम्बन्धमा अन्तर्क्रिया कार्यक्रममा मुख्यमन्त्री सिंहले सो कुरा बताएका हुन् ।
उनले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भएको चर्चा गर्दै मुलुकका तीनै तहका सरकारले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्नुपर्ने बताए ।
उनले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न प्रदेश सरकारले नीतिगत, कानूनी र संस्थागत कार्य गर्ने जानकारी दिए । मुख्यमन्त्री सिंहले सबै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी नैतिकतामा आधारित समाजको स्थापना गर्नु चुनौतीपूर्ण रहेको भन्दै सरकारले भ्रष्टाचारविरुद्धको अभियानलाई सशक्त र प्रभावकारी बनाउन अधिकतम साधनस्रोत तथा संयन्त्र परिचालन गर्ने बताएका छन् ।
प्रधानमन्त्री तथा सङ्घीय मन्त्रिपरिषद्को कार्यालयद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव राजेन्द्र थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## तीनजना महिलासहित १३० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २६ भदौ/
तेरापन्थ युवक परिषद् वीरगंजको आयोजनामा बाराको सिमरास्थित हुलास स्टील कारखानामा बुधवार आयोजित रक्तदान कार्यक्रममा तीनजना महिलासहित १३० जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।
कार्यक्रममा अमीर अन्सारी, नरेश झा, जागृत चौधरी, देवेन्द्र कर्ण, अङ्कुत पोखरेल, विजय साह, विशाल मिश्र, सुमित त्रिपाठी, राजश्री शर्मा, आकाश पासवान, सुदीप रानामगर, विटु पटेल, चन्दन सिंह, सरीता न्यौपाने, निर्मला श्रेष्ठ, सीमा गुरुङ, नविन पाण्डे, गोपाल रिजाल, महेश कार्कीलगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए ।
रक्तसञ्चार केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले तेरापन्थ युवक परिषद् वीरगंजले भदौ २५ गतेदेखि असोज ४ गतेसम्म ११ दिने कार्यक्रम गरी रक्तदान गराउन शुरू गरेको बताए । अध्यक्ष लोकेश जम्मडले ११ दिने अभियान अन्तर्गत १५०० पिन्ट रगत सङ्कलनको उद्देश्य रहेको बताए । आजको कार्यक्रममा



पहिलो दिन हिजो एमबी दुगड जीतपुरमा १०७ जना र आज १३० गरी दुई दिनमा २३७ जनाले रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेयले बताए ।
तेरापन्थ युवक परिषद् वीरगंजका युवक परिषद्का पियुष जम्मड, धीरज बोरड, हुलास स्टीलका सुनील मोनित, अखिल सिंह, नेरेश रेशमकोठी उपशाखाका अभिलाष गुप्तालगायतको सहभागिता थियो ।

## भारतबाट १० जना बालबालिकाको उद्धार

प्रस, जनकपुरधाम, २६ भदौ/
बालश्रम र बेचबिखनमा परेका १० जना नेपाली बालबालिकालाई भारतबाट उद्धार गरिएको छ ।
दिल्ली र सो आसपासका जिल्लाहरूबाट बालश्रममा खटाइएका सातजना बालक र बेचबिखनमा परेका तीनजना बालिकालाई उद्धार गरेर नेपाल ल्याउन लागेको हो । उद्धारमा संलग्न संस्थाले जनाएको छ ।
उनीहरूलाई बुधवार साँझ रूपन्देही ल्याइपुऱ्याइएको र उद्धार गरिएकामध्ये केही मधेस प्रदेशका रहेको जनाइएको छ । उद्धार गरिएकाहरूलाई रूपन्देही जिल्ला प्रशासनको जिम्मा लगाइएको उद्धारकर्ता संस्था कीन इन्डियाको नेपाल संयोजक इन्द्रराज भट्टराईले जानकारी दिए ।
उनका अनुसार भारतस्थित नेपाली दूतावास र कीन इन्डियाको सहकार्यमा उद्धार गरिएको हो । उद्धारपछि राष्ट्रिय बालअधिकार परिषद्को समन्वय गरेर परिवारसँग पुनर्मिलन गराउने योजना छ ।
उद्धार गरिएका बालकहरू रूपन्देही, दाङ, बर्दिया, सिराहा, रौतहटका दुईजना, कीर्तिपुरका एकजना बालक रहेको उनले जानकारी दिए ।

## जयवायु परिवर्तनबारे अन्तरपुस्ता संवाद

बलिराम शुक्ला, बिरुवागुठी, २६ भदौ/
सखुवाप्रसौनी गाउँपालिकामा जलवायु परिवर्तनसम्बन्धी बुधवार अन्तरपुस्ता संवाद कार्यक्रम सम्पन्न भएको छ ।
सखुवाप्रसौनी गापा-१ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सियरही सथवलमा आयोजित जलवायु परिवर्तन प्रभावलाई महसुस गर्ने हामी पहिलो पुस्ता र केही गर्न सक्ने अन्तिम पुस्ता हौं भन्ने अन्तरसंवाद कार्यक्रमको गापाध्यक्ष जसवन्त यादवले उद्घाटन गरेका थिए ।
कार्यक्रमका प्रमुख अतिथि गापाध्यक्ष यादवले जलवायु परिवर्तनकै कारण अहिले अत्यधिक मात्रामा गर्मी बढेको, पानी कम पर्ने गरेको, हावामा प्रदूषण बढेको र मानव स्वास्थ्यमा प्रतिकूल असर पर्दै गएको बताए । उनले जलवायु परिवर्तनमा आफ्नो पालिकामा काम गर्ने सङ्घसंस्थासँग हातेमालो गरेर अगाडि बढ्ने बताए ।
सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साका अध्यक्ष इब्राहिम देवानको अध्यक्षतामा भएको सो कार्यक्रममा वृद्धवृद्धा र युवाहरूको सहभागितामा वृद्धवृद्धा र युवाहरूबीच जलवायु परिवर्तनसम्बन्धी पहिले र अहिलेको परिवर्तनबारे अन्तरसंवाद भएको थियो ।
कार्यक्रममा रेसलेस डेभलपमेन्ट काठमाडौंका कार्यक्रम संयोजक सङ्गीता महर्जनले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेकी थिइन् भने उज्ज्वल उपाध्यायले जलवायु परिवर्तनसम्बन्धी अन्तरपुस्ता संवाद प्रतिवेदन प्रस्तुत गरेका थिए ।
कार्यक्रमको सहजीकरण जयकान्त उपाध्यायले गरेका थिए ।

## आत्महत्या नगर्न प्रहरी सचेतना

प्रस, पोखरिया, २६ भदौ/
आत्महत्या दुरुत्साहन विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा बुधवार इलाका प्रहरी कार्यालय पोखरियाले सचेतना मूलक कार्यक्रम गरेको छ ।
प्रहरी निरिक्षक राजन ढकालको अगुवाईमा इप्रका पोखरियाका प्रहरीले पोखरिया बजार क्षेत्रमा माइकिङ र पर्चा पम्पलेटद्वारा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरेका थिए ।
सो अवसरमा प्रहरीले माइकिङ, पर्चा र पम्पलेटमार्फत आत्महत्या गर्न सक्ने अवस्थाका मानिसहरूलाई घरमा माया गरी राख्ने, त्यस्तो अवस्थाको पहिचान भए परिवार, समाज र प्रहरीको सहयोग लिएर पनि आत्महत्या रोक्न सकिने जानकारी गराइएको थियो । आत्महत्या गर्नु अपराध पनि भएकोले यसो नगर्न र कसैलाई गर्न पनि दिनका लागि सचेत हुन आग्रह गरिएको थियो ।

## विचारसार एवं सूक्तिहरू

**राम्रो जीवन बाँच्नका लागि यो स्वीकार गर्नु पनि जरुरी छ कि सबैलाई सबैथोक पाइन्न ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अभिभावकको ध्यान जाओस्

**अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सामाजिक सञ्जाल प्रयोगका लागि न्यूनतम उमेर निर्धारण गर्ने कानून बनाउने घोषणा गरेका छन् । यसको उद्देश्य बालबालिकालाई सामाजिक सञ्जालबाट उत्पन्न मानसिक स्वास्थ्य समस्याहरूबाट जोगाउनु हो । बालबालिकाको सुरक्षाका लागि अभिभावकहरूको चिन्ता बढ्दै गएपछि प्रधानमन्त्रीको सम्बोधन आएको हो । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको प्रयोगले अस्ट्रेलियाका बालबालिकामा मानसिक स्वास्थ्यको जुन समस्या देखिएको छ, यस्तो समस्या नेपालमा पनि आउन सक्छ ? अर्थात् बालबालिकाको मानसिक स्वास्थ्यमा पर्ने असर कतिको घातक होला ? हाल अस्ट्रेलियाली अभिभावक बालबालिकामा देखिने कुन मानसिक समस्याबाट चिन्तित छन् त ? पछिल्लो घटनाले विभिन्न प्रश्न तथा चासो नेपाली अभिभावकहरूमा पनि बढाएको छ ।**

**सामाजिक सञ्जाल तथा डिजिटल उपकरणले मुख्यत: बालबालिकामा आत्मसम्मानमा कमी, एक्लोपनको भावना र अरूसँग तुलना गर्ने मनोवृत्ति निम्त्याउने विभिन्न अनुसन्धानले देखाएका छन् । बाल्यावस्थामा मस्तिष्कको विकास चलिरहने र त्यसले कुनै पनि कुरालाई फिल्टर नगरी जस्ताको त्यस्तै शीघ्र रेकर्ड गरेर भण्डारण गर्ने हुँदा बालबालिकामा पर्ने सकारात्मक वा नकारात्मक प्रभाव क्षणिक नभएर धेरै गहिरो र दीर्घकालीन हुन सक्छ । मनोरोग विशेषज्ञहरूले पनि सामाजिक सञ्जालको अत्यधिक प्रयोगले बालबालिकामा आत्मग्लानि, चिन्ता र अवसादजस्ता मानसिक विकृतिहरू निम्त्याउने बारम्बार चेतावनी दिइरहेका छन् । उनीहरू आफूलाई अरूसँग तुलना गर्न थाल्छन्, जसको कारण आत्मसम्मानमा कमी महसूस गर्न थाल्छन् । सामाजिक सञ्जालले देखाउने आदर्श जीवनशैलीले बालबालिकामा असन्तुष्टिको भावना पैदा गर्छ, जसले दीर्घकालीनरूपमा मानसिक असन्तुष्टिले अस्वस्थता निम्त्याउँछ । उनीहरूले वास्तविकता र डिजिटल संसारबीचको भिन्नता बुझेका हुँदैनन्, जसले गर्दा उनीहरू हरेक कुरालाई वास्तविकरूपमा सम्झने हुँदा समस्या निम्तिने गरेको हो । मानसिक स्वास्थ्यमा समस्या आउन थालेपछि उनीहरूको व्यवहार विकृत हुँदै जाने र यसले आत्मकेन्द्रित सोचका साथै एकाग्रतामा ह्रास आउँछ ।**

**अस्ट्रेलियामा शारीरिक स्वास्थ्यको समस्याभन्दा बालबालिकामा मानसिक स्वास्थ्यको समस्या दर उच्च देखिएको छ । त्यहाँका मनोचिकित्सक, अभिभावक र सरकारको समेत चिन्ताको विषय सामाजिक सञ्जालको प्रयोग नियन्त्रण कसरी गर्ने भन्ने छ । हाम्रो मुलुकमा पनि यस्तो सम्भावना उच्च देखिन्छ । ग्रामीण क्षेत्र क्रमश: शहरीकरण हुँदैछ । इन्टरनेटको पहुँच दिनानुदिन बढ्दो छ । बालबालिका, किशोरकिशोरीहरू सामाजिक सञ्जालमा अत्यधिक संलग्न भइरहेका छन् । बालबालिकालाई घरभन्दा बाहिर राखेर पढाउने फेशन जस्तै बनेको हुँदा त्यहाँ अभिभावकको ध्यान पुग्न सकेको छैन । घरमैं रहेर पढ्ने बालबालिकाका अधिकांश अभिभावक वैदेशिक रोजगारमा रहन बाध्य छन् । कतिपय साधारण लेखपढ गर्न सक्ने [redacted] बालिका सामाजिक सञ्जाल किन [redacted] रहेका छन् भन्ने भेउ नपाउने हुँदा [redacted] को निगरानीभन्दा बाहिर छ । [redacted] ता विद्यालय शिक्षाको हरेक तहमा [redacted] कंदो छ भने बालबालिका तथा [redacted] को समस्या वृद्धि भएको पाइन्छ।**

# बिपी कोइराला – एक साहित्यिक परिचय

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd

rajendrakoirala20@gmail.com

**आधुनिक नेपाली चिन्तकका रूपमा कोइरालाले मानवजीवन र खासगरी नेपाली जीवनका सबै क्षेत्रमा स्पष्ट दृष्टि निर्माण गरे । पूर्वीय र पाश्चात्य चिन्तन तथा साहित्यको अनुशीलनबाट उनमा यस्तो स्पष्ट दृष्टि विकसित भएको हो भन्दा केही फरक नपर्ला ।**

बिपी कोइराला नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री थिए । नेपालमा सन् १९५९ मा भएको पहिलो आम निर्वाचनमा उनको पार्टी नेपाली काङ्ग्रेसले प्रतिनिधिसभामा दुईतिहाई बहुमत ल्याएको थियो । बिपीका धेरै प्रगतिशील नीति र कार्यक्रमहरूको घोषणाबाट राजा महेन्द्रलाई खपी नसक्नु भएर १५ डिसेम्बर, १९६० मा १८ महीनाको प्रजातान्त्रिक सरकारलाई 'कू' गरेर सत्ता आफ्नो हातमा लिए । बिपीलाई आठ वर्ष कैद सजाय गरियो। यो एउटा विचार र सिद्धान्तको गिरफ्तारी थियो। राजाले बिपीलाई गिरफ्तार गर्दा उनले व्यक्तिलाई होइन, एउटा विचारलाई पक्राउ गरे र राजाको व्यक्तिगत इच्छा र महत्त्वाकाङ्क्षा परिपूर्ति गर्न यो कदम चाले । बिपी कोइराला सन् १९६८ मा रिहा भए र आठ वर्ष भारतमा निर्वासनमा बस्न बाध्य भए ।

यो समय अमेरिका र सोभियत सङ्घबीच चरम शीतयुद्धको समय थियो। ६०–७० दशकको उत्तरार्द्धमा परिवर्तनको नयाँ लहर द्रुत गतिमा चलिरहेको थियो र दक्षिण एशिया यसको केन्द्र बनेर नयाँ भूराजनीति बनिरहेको थियो । बिपीका राजनीतिक आयामको विभिन्न कोणबाट व्याख्या र विश्लेषण गर्न सकिन्छ। यहाँ म उनको साहित्यिक उचाइबारे उल्लेख गर्न चाहन्छु।

बिपी कोइराला ( १९७१–२०३९) लाई राजनीतिक द्रष्टा मात्र होइन, साहित्य स्रष्टा पनि भनेर पृथक स्थान बनाउन सफल भएका व्यक्तित्वका रूपमा लिने गरिन्छ । त्यस बेलाको सामाजिक चेतनाको स्तर नै नभएको समयमा यौन विषयमा साहित्य सिर्जना गर्नु आफैंमा सामाजिक क्रान्तिको बिगुल फुके सरह थियो ।

राजनीतिमा प्रजातान्त्रिक समाजवाद उनको धार थियो भने साहित्यमा मनोविश्लेषणवादी र अस्तित्ववादी स्रष्टा बने । बहुमुखी साहित्यस्रष्टा विश्वेश्वर प्रसाद कोइरालाले कविता, जीवनी, निबन्ध, आलोचना र पत्र आदि विधामा कलम चलाए पनि उनी मूलत: आख्यानकार हुन् । आधुनिक नेपाली कथामा नवीन मनोवैज्ञानिक धारा र प्रवृत्तिहरूको प्रवर्त्तन र प्रवर्द्धन गरी कोइरालाले युगान्तकारी र युगप्रवर्त्तक कथाकारको रूपमा आफूलाई चिनाउन सफल भएको पाइन्छ । कोइरालाका उपन्यासहरू उनको जीवनचिन्तनका कलापूर्ण अभिव्यक्ति हुन् ।

उनलाई नेपालको सबैभन्दा केरिस्मेटिक (करिश्माकार) नेताको रूपमा लिने गरिन्छ । उनी नेपाली साहित्यका त्यस बेलाका सबैभन्दा धेरै पढेका र विचारशील साहित्य स्रष्टाको रूपमा चिनिन्छन् । शुरूमा उनले छोटो कथा र कविता लेख्न शुरू गरे । उनले हिन्दीमा लघुकथा लेख्न शुरू गरे । उनका पहिला कथाहरू प्रेमचन्दद्वारा सम्पादित साहित्यिक पत्रिका हंसमा प्रकाशित भएका थिए । उनको पहिलो नेपाली लघुकथा 'चन्द्रबदन' सन् १९३५ मा नेपाली साहित्यिक पत्रिका शारदामा प्रकाशित भएको थियो । उनी नारीको चरित्र र मनको चित्रण गर्न निकै सिपालु थिए ।

सन् १९३८ मा दार्जीलिङबाट प्रकाशित कथा कुसुम (नेपाली कथाहरूको सङ्ग्रह) मा कोइरालाका अन्य चार कथा समावेश गरिएका थिए । नेपाली साहित्यको इतिहासमा मानव मनोविज्ञानमा आधारित कथा र उपन्यास लेख्ने पहिलो लेखक भएकाले राम्रो मनोवैज्ञानिक अन्तर्दृष्टि भएका सामाजिक यथार्थवादीका रूपमा कोइरालाले सन् १९३८ सम्म आफूलाई सबैभन्दा महत्त्वपूर्ण नेपाली लघुकथा लेखकका रूपमा स्थापित गरेका थिए । दोषी चश्मा, कोइरालाको १६ वटा लघुकथाको सङ्ग्रह, सन् १९४९ मा प्रकाशित भएको थियो । उनी नेपाली साहित्यमा योगदान दिने महान् लेखकमध्ये एक हुन् भन्दा फरक नपर्ला ।

राजनीतिक माध्यमबाट जीवनको विजयेच्छा (जिगीषा) चाहने कोइरालाले साहित्य र उपन्यासको माध्यमबाट जीवनको चाहना (जिजीविषा) चाहेका छन् । आधुनिक नेपाली चिन्तकका रूपमा कोइरालाले मानवजीवन र खासगरी नेपाली जीवनका सबै क्षेत्रमा स्पष्ट दृष्टि निर्माण गरे । पूर्वीय र पाश्चात्य चिन्तन तथा साहित्यको अनुशीलनबाट उनमा यस्तो स्पष्ट दृष्टि विकसित भएको हो भन्दा केही फरक नपर्ला । उनका सिर्जनामा फ्रायडवादको ठूलो प्रभाव देखिन्छ ।

सुन्दा आश्चर्य लाग्छ उनको साहित्यिक यात्राको समय भनेको २०१७ देखि २०२५ सम्म मात्र हो । कारावास बसाइको त्यो अवधिको उनले भरपूर सदुपयोग गरे । यस अवधिमा उनले छवटा उपन्यास लेखे । प्रकाशनका दृष्टिले पहिलो उपन्यास 'तीन घुम्ती' (२०२५) हो भने अन्त्यको उपन्यास 'बाबु, आमा र छोरा' (२०४५) हो । उनका अरू चारवटा उपन्यास यस प्रकार छन् : 'नरेन्द्र दाइ', 'सुम्निमा', 'मोदिआइन' र 'हिटलर र यहूदी' ।

उनी यति विलक्षण प्रतिभाका धनी थिए कि तीनदेखि आठ दिनको बीचमा एउटा उपन्यास नै लेखिसक्थे । छोटकरीमा भन्दा बिपीको उपन्यास लेखनमा उनकै प्रतिभा व्युत्पत्ति र अभ्यास तथा कारावासको वातावरण मूल कारक र अनुप्रेरक रहेका छन् ।

२०२५ देखि २०२७ सम्मको अवधिलाई उनको पहिलो चरणको रूपमा लिइन्छ भने २०३६ देखि २०४५ सम्मको करीब एक दशक दोस्रो चरणको रूपमा लिइन्छ ।

उनका प्रत्येक उपन्यासमा कुनै न कुनै रूपमा मानवीय समस्या, नियति, अस्तित्व र चिन्तनलाई सर्वोपरि महत्त्व दिएको पाइन्छ । 'तीन घुम्ती'मा नारीको जीवनमा आइपरेका विभिन्न सङ्कटबारे व्याख्या गरिएको छ । नारी अस्तित्वका समस्याको खोज र नियतिले देखाएका समस्याहरूको भोक्ता नारी आफैं हो भन्ने चिन्तनमा इन्द्रमायालाई प्रस्तुत गरिएको छ ।

नरेन्द्र दाइ मानव नियतिको सफल अभिव्यक्ति हो । यस उपन्यासका पात्रहरू नरेन्द्र, गौरी, मुनरिया कसैको पनि दोष देखिंदैन तर उनीहरू पूर्णत: दोषी बनेका छन् । कोही कसैसँग र स्वयम् पनि सन्तुष्ट छैनन् ।

सुम्निमामा कोइराला लेख्छन्– आध्यात्मिक र भौतिक तत्त्वको सहअस्तित्वमैं मानव जीवनको पूर्णता र सफलता निर्भर छ । किराँती कथालाई आधार मानी लेखिएको यस उपन्यासमा 'सर्वधर्मसमन्वय'को दर्शन अभिव्यक्त भएको छ । यस उपन्यासले जातीय, सांस्कृतिक, भाषिक र मानवीय सहअस्तित्वको कलात्मक सन्देश दिन्छ भने मानिसलाई कृत्रिम दैवीवृत्ति छाडेर सहज मानववृत्ति अङ्गीकार गरी जीवनको गतिलाई अगाडि बढाउन सल्लाह दिन्छ ।

उनका मोदिआइन तथा हिटलर र यहुदी उपन्यासहरू गीतादर्शनमा आधारित छन् । कोइरालाका यी दुई उपन्यासमा एउटाले नेपाली सन्दर्भ लिएको छ भने अर्कोले अन्तर्राष्ट्रिय । उनले धर्मनिरपेक्षरूपमा गीताको अध्ययन गरी उपन्यासको माध्यमबाट आफ्नो नवीन दृष्टि प्रकट गरेका छन् । धर्मनिरपेक्ष भएर गीताको अध्ययन गर्दा त्यहाँ कर्तव्यपालन, धर्मरक्षा र राष्ट्रवादको नाममा अतिमानवीय शक्तिद्वारा अभिप्रेरित र निर्देशित नरसंहार, मानवताको अपमान र विध्वंसकारी युद्धविभिषिकाको दृश्य देखिन्छ । यी सिर्जनाका माध्यमबाट कोइराला भन्न चाहन्छन् कि हामी ठूलो मान्छे होइन, असल मान्छे बन्नुपर्छ ।

उनको अन्तिम उपन्यास 'बाबु, आमा र छोरा'मा मानव नियतिको प्रबलतम नमूना र कठोर दण्डको कलात्मक अभिव्यक्ति पाइन्छ । यस उपन्यासमा चिन्तनमूलक, तर्कपूर्ण र संस्मरणात्मक अभिव्यक्तिद्वारा नियतिको शिकार नायिकाको उमेरका तीन मनोदशाको अध्ययन गरिएको छ । उपन्यासकी मूलपात्र उमा भाग्य (नियति)को दिशा निर्देशमा तीनवटा निर्णय लिन बाध्य हुन्छिन् । त्यसैले यस पुस्तकको शुरूमा नामकरण 'त्रिभङ्गा उमा' थियो तर पछि प्रकाशित हुँदा 'बाबु, आमा र छोरा' भनेर पाठकमाझ आइपुग्यो ।

कोइराला प्रजातान्त्रिक समाजवादी राजनीतिक चिन्तक र विश्लेषक हुन् भने उनकै शब्दमा उनी साहित्यतर्फ अराजकतावादी हुन् । उनी साहित्यकारका रूपमा एक बहुमुखी प्रतिभा हुन् भने मनोवैज्ञानिक कथालेखन र वैचारिक उपन्यासलेखन उनका विशिष्ट उपलब्धिहरू हुन् । साहित्यका तर्फबाट उनले पूर्वीय तथा पाश्चात्य चिन्तन, दर्शन र कलाको अध्ययनबाट वर्तमान मानव समाज र विशेषगरी नेपाली समाज सापेक्ष मौलिक चिन्तनको विकास गरी आफ्नो कुशल साहित्यशिल्पका माध्यमबाट त्यसको समायोजन गरेका छन् ।

कोइरालाका सबै कृतिमा कतै पश्चिमी कतै पूर्वीय दर्शन र चिन्तनको प्रभाव देखिए पनि कुनै एक धर्म र दर्शनको एकपक्षीय यथावत् प्रयोग गर्न यी कृतिहरू लेखिएको हो भन्ने लाग्दैन, बरु सबै धर्म र दर्शनको सार समाहित गरेर मौलिक मानवीय जीवन मूल्यलाई औपन्यासिक शिल्प प्रदान गर्न लेखिएका हुन् ।

लोकतान्त्रिक आन्दोलनको गतिमा उनको राजनीतिक कोर्सलाई अग्रगामी चिन्तनको रूपमा लिइन्छ । उनले आफ्नो जीवनका अधिकांश समय अधिनायकवादी राजनीतिको विरुद्धमा बिताए । राणा र पञ्चायतको कोपभाजनबाट उनले धेरै दु:ख पाए । वास्तवमा उनले लामो समय जेल र निर्वासनमैं बिताउनुपर्‍यो । तथापि एक राजनीतिज्ञको रूपमा र एक साहित्य स्रष्टाको रूपमा उनले आफ्नो बेग्लै पहचान बनाए । विश्व मानचित्रमा उनलाई संसारका सबै मुलुकमा एक प्रेरक राजनीतिज्ञ र साहित्यकारको रूपमा लिने गरिन्छ । हामी नेपालीलाई उनले सधैंसधैं गर्विलो बनाएका छन् ।

# कृष्ण र राधाको प्रेम दैहिक कि अलौकिक

राधाष्टमी विशेष



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**राधा भेट्न पुग्छिन् श्रीकृष्णलाई । आफ्नो आत्मालाई सन्तुष्ट पार्दै श्रीकृष्णमा विलीन हुन चाहन्छिन् र जहाँ हुन्छन् श्रीकृष्ण, त्यहीं पुग्दछिन् । थाहा पाएको कुरा हो, नदी जतिसुकै ठूलो भए पनि अन्तत: विलीन हुने समुद्रमैं हो । समुद्र कहिल्यै आफूमा समाहित गर्न नदीलाई खोज्दैन ।**

भदौ महीनालाई कतिपय सामाजिक तथा शुभ कार्यका लागि त्यति शुभ मानिंदैन । मुख्यगरी ग्रामीण समाजमा भदौ महीनामा कुनै नयाँ काम गर्नुहुँदैन भनिन्छ । तर यस प्रकारका विभिन्न सामाजिक मान्यतालाई एकातिर राखेर यदि धार्मिक दृष्टिकोणले हेर्ने हो भने भदौ महीनामा पनि विभिन्न धार्मिक यात्राहरू गर्ने गरिएको पाइन्छ । धार्मिक यात्रा गर्दा धेरैको रोजाइमा साउन महीनापछि भदौ नै आउँछ । अनि निकै महत्त्वपूर्ण चाडपर्व यसै महीनामा पर्दछ । भदौ महीनामा पर्ने चाडपर्वबारे भनिरहनु पर्दैन । भदौको शुक्लपक्षलाई चाडैचाडको पक्ष पनि भनिन्छ । शुक्लपक्षको शुरूआत भएकै दिनदेखि पूर्णिमासम्म अनेक चाडपर्व मनाइन्छ भने भदौ कृष्ण पक्षको अष्टमी तिथिमा सबै हिन्दूहरूले भगवान् श्रीकृष्णको जन्मदिवस भव्यतापूर्वक मनाउने गर्छन् । भगवान् श्रीकृष्णको जन्म भएको महीना त यतिकै पनि पवित्र महीना हुने भइ नै हाल्यो । साथै भगवान् श्रीकृष्णसित जहिले पनि जोडिएर अझ भगवान् श्रीकृष्णभन्दा पहिले आउने नाम हो राधा । भगवान् श्रीकृष्णको जन्म भएको भदौ कृष्ण अष्टमी तिथि हो भने यस तिथिलाई कृष्णाष्टमी भनिन्छ ।

भदौ महीनाकै शुक्लपक्षको अष्ठमी तिथिका दिन राधाको जन्म भएको थियो । राधाको जन्म भएको तिथिलाई राधाष्टमी पनि भनिन्छ । भनिन्छ, कृष्णको अर्थ कालो अर्थात् अँध्यारो हो भने शुक्लको अर्थ उज्यालो हो । भगवान् श्रीकृष्णको जन्म अँध्यारो पक्षमा भएको हो भने राधारानीको जन्म उज्यालो पक्षमा भएको हो । हाम्रो समाजमा सीताराम, गौरीशङ्कर जस्तै राधाकृष्ण भनिन्छ तर सीतामा सीता र राम तथा गौरीशङ्करमा गौरी र शङ्करबीच जुन किसिमको सम्बन्ध छ, सोही किसिमको सम्बन्ध राधा र कृष्णबीच भने छैन । भगवान् श्रीकृष्ण र राधाबीचे जुन प्रेमको प्रसङ्ग आउँछ, त्यो दैहिक हो कि अलौकिक ? यो विषय धेरैलाई थाहा नभएको पनि हुन सक्छ ।

भगवान् श्रीकृष्णको जीवनका अनेक भाग छन् । उनले बाल्यकालमा जे गरे, त्यसको सम्बन्ध किशोर तथा युवा जीवनसित खासै रहेको पाइँदैन । उनको युवा व्यक्तित्वको खासै सम्बन्ध प्रौढ व्यक्तित्व सित छैन । यी सबै व्यावहारिक कुरा हुन् । आध्यात्मिक दृष्टिकोणले विचार गर्ने हो भने उनको सम्पूर्ण जीवन नै लीला हो । उनी आफैं सर्वेश्वर हुन् । यो पनि भन्ने गरिन्छ कि भगवान् श्रीकृष्ण नै यस्ता हुन् जो बारम्बार आफूलाई भगवान् हुँ भन्छन् । विष्णुको अन्य अवतारमा यस्तो कथन वा भनाइ पाइन्न । श्रीकृष्णले बाल्यकालमा एकातिर खुब

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# ‘गौमती बुढामगरको साहसलाई अक्करे भीरले छेकेन’

म्याग्दी (बेनी) २६ भदौ/रासस

चिप्लिएर कुनै दुर्घटना भयो भने सीधैं खोलामा खसिन्छ । माथि उक्लन शरीरमा बाँधेको डोरी समाउनुपर्छ । म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ र ३ को सिमानामा पर्ने जोखिमयुक्त बैसरी अधेरीखोलाको भीरमा डेढ महीनादेखि पहिरो रोकथामका लागि रक एङ्करिङ गर्ने कामको नेतृत्व गरिरहेकी गौमती बुढामगरको दौडधूप, साहस र सक्रियतालाई अक्करे भीरले छेकेको छैन ।

“बर्खायाममा निरन्तर खसिरहने पहिरोमा पहिलोपटक अवलोकन गर्दा काम गर्न कठिनाइ हुन्छ कि भन्ने लागेको थियो,” उनले भनिन्, “पहिरोभित्र चट्टान भेटिएपछि रोकथाम गर्न सकिन्छ भन्ने लागेर कामको जिम्मा लिएकी हुँ, अहिले पर्खाल निर्माण भइसकेको क्षेत्रमा पहिरो खस्न रोकिएको छ । पहिरोको दिगो रोकथामको लागि थप पूर्वाधार निर्माणको काम भइरहेको छ ।”

बेनी–जोमसोम–कोरला सडक आयोजनामा गजुरमुखी निर्माण कम्पनीको सहायक ठेकेदार बनेर गौमतीले सडक बनाउने काम गर्दै आएकी छन् । उनले अहिले ३० जना मजदूरलाई दैनिकरूपमा काममा लगाउने गर्छिन् ।

महिलाको नेतृत्वमा भीरबाट खस्ने पहिरोमा ‘रक एङ्करिङ’ प्रविधि प्रयोग गरेर रोकथामको काम अन्तिम चरणमा पुगेको छ । बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत कामको जिम्मा लिएकी बुढामगर कामको चाँजोपाजो मिलाउने मात्रै होइन, भीरमा चढेर चट्टान काट्न र रडलाई पहाडमा घुसाउनसमेत आफैं पहिरोमा खट्ने गर्छिन् ।

बैसरी अधेरीखोला क्षेत्रको पहिरो रोकथामको लागि करीब एक सय मिटर लम्बाइको रक एङ्करिक प्रविधिको पर्खाल निर्माण गरिएको उनले बताइन् । बेनी–जोमसोम–कोरला सडक आयोजनाका सबइन्जिनीयर सोहनजङ्ग कार्कीले बुढामगरको साहसका कारण पछिल्लो दुई वर्षयता दुःख दिइरहेको बैसरीको भीरमा पहिरो रोकथाम सम्भव भएको बताए ।

“भीरमा जोखिम मोलेर काम गर्न धेरै निर्माण व्यवसायी पछि हटेको अवस्थामा गौमतीले आफैं फिल्डमा खटिएर रक एङ्करिङ गर्नुभयो,” उनले भने, “आफैं ड्रिल, बलास्टिङ गर्ने गौमतीको सीप, अनुभव र क्षमताले कल्पना नगरेको ठाउँमा पहिरो रोकथाम गर्न सम्भव भयो ।”



रोल्पाको सुनछहरी गाउँपालिका–३ बाहिरी गाउँकी ३८ वर्षीया बुढामगरले अक्करे भीर पहाडमा सडक खन्ने, विस्तार गर्ने र पहिरो रोकथाम गर्ने काम गर्दै आएको १० वर्ष भएको छ । बेनी–जोमसोम–कोरला सडक आयोजनाको ठेकेदार कम्पनी शर्मा गजुरमुखी जेभीले अप्ठेरो काभ्रेभीरको पहाड काट्ने र रक एङ्करिङ गरेर सडक फराकिलो बनाउने तथा पहिरो रोकथाम गर्ने कामको जिम्मा बुढामगरलाई दिएको सो कम्पनीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले बताए ।

“गौमतीकै नेतृत्वमा अक्करे भीर काभ्रेभीरको डिलतर्फ रक एङ्करिङ गरेर पक्की पर्खाल बनाएर सडकलाई फराकिलो बनाइएको थियो,” उनले भने । यस अघि अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा निर्माण भएको मिस्त्रीखोला, नीलगिरि र घलेम्दीखोला जलविद्युत् आयोजनाको पहुँच मार्ग खन्ने क्रममा समेत अक्करे पहाडमा बुढामगरले नै नेतृत्व गरेर काम गरेकी थिइन् ।

कमजोर आर्थिक अवस्थाका कारण सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेको समयमा १६ वर्षको उमेरमा काम खोज्दै जन्मथलो छोडेकी गौमतीको अहिले आफ्नै निर्माण कम्पनी युवराज कन्स्ट्रक्शन छ । सुरुआतमा मजदूर र नाइके भएर पूर्वाधार निर्माण क्षेत्रमा काम गरेकी गौमतीले पतिलाई समेत व्यवसायमा संलग्न गराएकी छन् ।

कपिलवस्तुमा घरजग्गा जोडेकी गौमतीले दुईजना छोरालाई सासूससुरासँगै घरमा राखेर पढाइरहेकी छन् । भीर र पहिरोमा ज्यानको जोखिम मोलेर महिलाको नेतृत्वमा रक एङ्करिङको काम सफल भएको दृश्यले गौमतीको सङ्घर्ष र सफलताको वास्तविकता देखाउँछ । पूर्वाधार निर्माण र अज्ञ त्यसमा पनि भीर र पहिरोको जोखिममा पौठेजोरी खेल्नु सामान्य नभए पनि अप्ठेरो र जोखिमयुक्त ठाउँमा काम गर्नु नै आफ्नो चिनारी बनेको उनको भनाइ छ ।

# बीमा प्राधिकरणद्वारा पत्रकारसँग अन्तर्क्रिया

प्रस, वीरगंज, २६ भदौ/

नेपाल बीमा प्राधिकरणले बीमा साक्षरता वृद्धि गर्न बुधवार वीरगंजका पत्रकारहरूसँग अन्तर्क्रिया गरेको छ । अन्तर्क्रियामा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा प्राधिकरणको स्थानीय तह, बीमा कम्पनीलगायत सरोकारवालासँग सहकार्य गर्दै बीमा सेवा गाउँगाउँसम्म पुर्‍याउने र यसबारे जनचेतना फैलाउने योजना रहेको बताए ।



कार्यक्रममा सम्पत्ति, घर, लघु, कृषि बीमालगायतका सेवाहरूलाई ग्रामीण क्षेत्रमा विस्तार गर्दै बीमाका फाइदाबारे जनतालाई जागरूक बनाउने योजना रहेको अध्यक्ष सिलवालले बताए । उनले बीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलापहरू रोक्न आवश्यक नीतिहरूका बारेमा पनि चर्चा गर्दै प्राधिकरणले सञ्चारका माध्यमबाट बीमाको महत्त्वबारे प्रचारप्रसार गर्दै आमनागरिकमा यसको फाइदा र आवश्यकता बुझाउन पत्रकारहरूबाट विशेष सहयोगको अपेक्षा गरेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले बीमाको प्रभाव र पत्रकारहरूको भूमिकाबारे प्रकाश पार्दै बीमा साक्षरता अभिवृद्धिमा पत्रकारहरूले महत्त्वपूर्ण योगदान दिन सक्ने बताए ।

कार्यक्रममा बीमा कम्पनीका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागिता थियो ।



**टौदहका माछा :** कीर्तिपुर नगरपालिका–६ स्थित टौदहमा  रहेका माछा । उपत्यकाकै सबैभन्दा ठूलो प्राकृतिक ताल टौदहको बनावट अष्टकोण आकार एवं काठमाडौं उपत्यकाको आकारसँग मिल्दोजुल्दो छ । यो तालमा श्री कर्कट नागराजा नागरानीको बासस्थान रहेको धार्मिक मान्यता रहेको छ । तस्बिरः हरिराम भेटुवाल/रासस

# बिहीवार साँझदेखि शनिवार बिहानसम्म मनसुन सक्रिय हुने सम्भावना

काठमाडौं, २६ भदौ/रासस

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बिहीवारदेखि वर्षा शुरू भएर तीन दिनसम्म वर्षा हुने पूर्वानुमान गरेको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतयादेखि पूर्णतया बदली र बाँकी प्रदेशहरूमा आंशिकदेखि साधारणतया बदली रहने उल्लेख छ । “गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटचाङ/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ,” जारी विशेष बुलेटिनमा भनिएको छ, “लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी तथा बाँकी प्रदेशका एक/दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।”



विभागद्वारा बुधवार जारी विशेष मौसमी बुलेटिनमा देशका केही स्थानमा भारी वर्षासमेत हुने जनाउँदै आवश्यक सतर्कतासमेत अपनाउन आग्रह गरेको छ ।

महाशाखाकी मौसमविद् शान्ति कँडेलले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा दक्षिणातिर अवस्थित रहेको बताइन् । उनले मौसमको यस्तो स्थिति भए तापनि हाल भारतको मध्य प्रदेश आसपासमा अवस्थित न्यून चापीय प्रणाली थप विकसित भई उत्तर–पश्चिमतिर (नेपालनजीक) सर्ने सम्भावना देखिएको जानकारी दिइन् । “उक्त प्रणालीको प्रभावले बिहीवार साँझदेखि शनिवार बिहानसम्म विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा मनसुन सक्रिय भई वर्षा हुने सम्भावना छ,” उनले भनिन्, “तसर्थ आवश्यक सतर्कता अपनाउन आवश्यक छ ।”

महाशाखाद्वारा जारी बुलेटिनमा

बुलेटिन अनुसार आज राति गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ ।

# कर प्रणाली सुधारका लागि आन्तरिक राजस्व परिचालन रणनीति जारी

काठमाडौं, २६ भदौ/रासस

सरकारले आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ जारी गरेको छ । आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८५/८६ सम्मका लागि मध्यमकालीन राजस्व परिचालन रणनीति जारी भएको हो ।

राजस्व परिचालन रणनीति मुलुकको कर प्रणाली र प्रशासन सुधारका लागि १६औं आवधिक योजनासँग समन्वय हुनेगरी तयार पारिएको अर्थ मन्त्रालयले जनाएको छ । यो रणनीतिले अर्थ–सामाजिक विकासका लागि आवश्यक राजस्व परिचालन र निजी क्षेत्र तथा करदाताको आकाङ्क्षाबीच सन्तुलन कायम गर्ने विश्वास सरकारको छ ।

आन्तरिक राजस्व परिचालन रणनीतिले देशको कर नीति र प्रशासनमा सुधारका लागि स्पष्ट संरचनागत रूपरेखा प्रस्तुत गरेको अर्थ मन्त्रालयले जनाएको छ । यो रणनीतिको मुख्य उद्देश्य आर्थिक दक्षता र समानतालाई प्रवर्द्धन गर्दै निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नुका साथै कर र गैरकर राजस्वको स्थिर प्रवाह सुनिश्चित रहेको रणनीतिमा उल्लेख छ । सरकारको कोषमा स्थायित्व कायम राख्दै बजेट घाटालाई व्यवस्थापन गर्न पनि योगदान पुर्‍याउने अपेक्षा रणनीतिमार्फत गरिएको छ ।

सरकारी कोषलाई सुदृढ बनाउन आन्तरिक स्रोतबाट राजस्व परिचालन वृद्धि गर्नु, कर कानून र सञ्चालन प्रणालीहरूसँग करदाताहरूको स्वेच्छिक परिपालना, कर र भन्सार प्रशासनको जोखिम व्यवस्थापन क्षमता सुदृढ गर्ने, कर र भन्सार प्रशासनमा स्वचालित बनाउनुलगायत रणनीतिका उद्देश्य छन् । कर नीति निर्माण र कार्यान्वयनका लागि अन्तरसरकारी र अन्तरसङ्गठनात्मक समन्वय तथा सहकार्य बढाउनका रणनीति जारी भएको हो । सरकारले सबै आम्दानीका स्रोतलाई समावेश गर्दै प्रगतिशील करका दरसहितको कर प्रणालीलाई शुरू गर्ने उद्देश्य रणनीतिमा छ ।

कर राजस्व र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातलाई १६औं पञ्चवर्षीय योजनाले निर्धारण गरेका राजस्व लक्ष्यसँग समन्वय गर्दै लगिने रणनीतिमा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० (२०२२/२३)मा १८ दशमलव नौ प्रतिशत रहेको राजस्व–जिडिपी अनुपातलाई आव २०८५/८६ (२०२८/२९)को अन्त्यसम्म २३ दशमलव पाँच प्रतिशत पुर्‍याउने महत्त्वाकाङ्क्षी लक्ष्य रणनीतिमा समावेश छ । यो अवधिमा कर राजस्व र जिडिपी अनुपात १६ दशमलव दुई प्रतिशतबाट बढेर २० दशमलव नौ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । रणनीतिमा समाविष्ट कार्ययोजना तथा राजस्व सुधारका उपायको कार्यान्वयनबाट कर राजस्व–जिडिपी अनुपातमा थप दुई दशमलव चार प्रतिशतले वृद्धि हुने अपेक्षा गरिएको छ ।

यसैगरी, कर र भन्सार प्रशासनमा सुधारबाट थप शून्य दशमलव एक प्रतिशत कर राजस्व सङ्कलन हुने अपेक्षा गरिएको छ । आव २०७९/८० (२०२२/२३)मा सात दशमलव दुई प्रतिशत रहेको बजेट घाटा–जिडिपी अनुपातलाई घटाएर रणनीति कार्यान्वयनको अन्तिम वर्ष छ दशमलव पाँच प्रतिशतमा झर्ने अपेक्षा गरिएको छ ।

मुलुकको समग्र कर नीति, प्रशासन, शासन संरचना, संस्थागत संरचना, नीति कार्यान्वयन संयन्त्र, अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुधार र पुनर्संरचनाका लागि व्यवस्थित खाकाका रूपमा रणनीति जारी भएको हो ।

# मौलाउँदै नेपालमा खेलकूद पत्रकारिता

विचार



राजु सिलवाल

**नेपालका प्रायः सबैजसो दैनिक अखबारले खेलकूदसम्बन्धी सामग्री प्रकाशित गर्नका लागि दिनहुँ निश्चित पेज छुट्याउने गरेका छन् । यसैगरी, रेडियो तथा टेलिभिजनका समाचारमा पनि खेलकूद समाचारका लागि 'प्राइम बुलेटिन'लगायत अन्य बुलेटिनहरूमा समय निर्धारण गर्ने गरिएको छ ।**

एशियाका खेलकूद पत्रकारहरूको सङ्गठन एशियाली खेलकूद पत्रकार महासङ्घ (एआइपिएस एशिया)को २५औं कङ्ग्रेसमा सहभागी हुन नेपाल आएका विभिन्न २८ देशका खेल पत्रकारहरूले खेलकूद पत्रकारिताको स्थितिको छलफल गर्नाका साथै नेपालको खेलकूद पत्रकारिताको समग्र अवस्थाका बारेमा विचारविमर्श गर्दैछन् ।

नेपालमा पहिलोपटक यो कङ्ग्रेस आयोजना भएको हो । यस कङ्ग्रेसका अवसरमा नेपालमा खेलकूद पर्यटन, इस्पोर्ट्स, महिला खेलकूद आदि विषयमा पनि छलफल हुने कार्यक्रम छ । विभिन्न मुलुकका खेल पत्रकारहरूको भेलाले पारित गर्ने निर्णयबाट नेपालको खेल क्षेत्र पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।

नेपालमा खेलकूद पत्रकारिता बिस्तारै स्थापित हुँदैछ । विगतमा कम प्राथमिकतामा पर्ने गरेको खेलकूदसम्बन्धी समाचारले हिजोआज सञ्चारमाध्यमहरूमा यथोचित स्थान पाउँदै आएका छन् । सञ्चारमाध्यमहरूले खेलकूदसँग सम्बन्धित प्रमुख घटनाहरू समाचारमा दिन छुटाउँदैनन् । विगतको भन्दा खेलकूद पत्रकारिता परम्परागत माध्यम तथा नयाँ माध्यममा विभाजित भएको छ । मल्टी मिडियामा अभ्यस्त युवाहरू खेल पत्रकारितामा कार्यरत भइरहेका छन् ।

यसैगरी, टेलिभिजन तथा सामाजिक माध्यम 'फेसबूक' तथा 'युटचुब'मा खेलकूदको प्रत्यक्ष प्रसारणको क्रम पनि बढिरहेको छ । विभिन्न मुलुकमा भएका खेलकूद प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारण आआफ्नो रुचि अनुसार हेर्न सकिने भएको छ । श्रव्य माध्यम रेडियोमा पनि पहिले कसले गोल गर्‍यो जस्ता समाचार 'ब्रेक' गर्ने होड चलेको छ । मोबाइल फोन बोकेर खेलमैदाननजीक 'प्यारापिट'मा बसिरहेका खेल समाचारदाताले खेलको महत्त्वपूर्ण क्षणको 'लाइभ रिपोर्टिङ' गर्न सक्ने अवस्था सिर्जना भएको छ । इन्टरनेटको माध्यमबाट विश्वका विभिन्न स्थानमा सञ्चालन भइरहेका महत्त्वपूर्ण खेलकूद प्रतियोगिताको अद्यावधिक गर्न सकिने भएको छ । प्रविधिको विकासले खेलकूदको पहुँच दिनदिनै बढिरहेको छ ।

नेपालका प्रायः सबैजसो दैनिक अखबारले खेलकूदसम्बन्धी सामग्री प्रकाशित गर्नका लागि दिनहुँ निश्चित पेज छुट्याउने गरेका छन् । यसैगरी, रेडियो तथा टेलिभिजनका समाचारमा पनि खेलकूद समाचारका लागि 'प्राइम बुलेटिन'लगायत अन्य बुलेटिनहरूमा समय निर्धारण गर्ने गरिएको छ । अनलाइन समाचार पोर्टलहरूमा पनि खेलकूद समाचार 'ब्रेकिङ न्युज'का रूपमा दिइने क्रम बढ्दै गएको छ । विगतमा सीमित टेलिभिजनले गर्ने गरेको खेलकूद प्रतियोगिताको लाइभ अहिले अनलाइन पोर्टलहरूले समेत व्यापक मात्रामा गर्ने गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको बेलामा युटचुबमा नेपाली भाषामैं 'कमेन्ट्री' गरिएका विभिन्न 'साइट' पनि देख्न सकिन्छ । पहिले रेडियो तथा टेलिभिजनमा प्रत्यक्ष प्रसारणमा उद्घोषण गर्नेहरू सीमित व्यक्ति हुने गरेका थिए भने अब त्यस्ता खेल पत्रकारहरूको सङ्ख्या बढ्दो छ ।

**खेल पत्रकारिताको भूमिका**

खेल पत्रकारले खेलकूद प्रतियोगिताका प्रतिस्पर्धात्मक अवस्थाको चित्रण गर्दै खेलाडीहरूको सफलता तथा असफलताबारे जानकारी गराउने गर्छन् । यसैगरी, खेलकूदसँग सम्बन्धित निकायहरूका गतिविधि, ती निकायका कमीकमजोरीका साथै सुधारका मार्गतर्फ अग्रसर गराउने कार्यमा पनि खेलकूद पत्रकारिताले भूमिका निर्वाह गर्छ ।

नेपाली खेलकूदजगत्लाई गतिशील तथा चलायमान बनाउन खेल पत्रकारहरूको ठूलो भूमिका रहँदै आएको छ । खेल पत्रकारहरूको निरन्तर समाचार सम्प्रेषणबाटै प्रोत्साहित हुँदै खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता प्राप्त गर्दै आइरहेका छन् । यस अर्थमा खेल पत्रकारहरू अनगिन्ती अनुगमन समाचार बनाउने गर्छन् । खेलकूदसम्बन्धी विविध विषयका भित्री तहसम्म गएर समाचार सङ्कलन गर्ने काममा पनि खेलकूद पत्रकारहरूले अग्रसरता देखाउँदै आएका छन् ।

नेपाली खेलाडीहरूलाई 'सेलिब्रेटी' बनाउन खेल पत्रकारहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली खेलकूद क्षेत्रका सामान्य गतिविधिले पनि सञ्चारमाध्यममा स्थान पाउँदै आइरहेका छन् । २०७२ सालको भूकम्प, कोभिड–१९ को सङ्क्रमणजस्ता गम्भीर परिस्थितिमा सम्पूर्ण जनजीवनसहित खेलकूदजगत्का कुनै गतिविधि नभई ठप्प भएको अवस्थामा पनि खेलकूदसँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण भएका थिए ।

विगतमा खेलकूद समाचार प्रकाशित हुँदा फूटबल खेलमा कुन टोलीले कसलाई कति गोलले पराजित गर्‍यो जस्ता समाचार छापिन्थ्यो । अब कसले ? कसलाई ? कसरी पराजित गर्‍यो ? जस्ता आशयका समाचार सार्वजनिक हुने गरेका छन् । आज खेल बुझ्नेहरू खेल पत्रकार बनेका छन् । पाठक तथा दर्शकहरूको पनि खेलकूद बुझ्ने क्षमता बढ्दै गएको देखिएको छ । खेलका हरेक नियमका ज्ञाता पत्रकारहरूले खेल हेरेकै भरमा खेलमा नतीजाबारे प्राविधिक विश्लेषण गर्न सक्ने अवस्थामा पुगिसकेका छन् ।

नेपालमा खेलकूदसम्बन्धी समाचार सङ्कलन गर्ने पत्रकारहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ । हिजोका दिनमा एउटै समाचारदाता समाचार सङ्कलन गर्न विभिन्न स्थानमा पनि जानुपर्ने अवस्था भएकाले खेलकूद गतिविधिले खासै प्राथमिकता पाउँदैनथे । आज खेलकूद विधाकै पत्रकारलाई खेलसम्बन्धी समाचार सङ्कलनका लागि खटाउन थालिएको छ । अझ फूटबल, क्रिकेट, बास्केटबल, मार्शलआर्ट जस्ता खेल विशेषमा केन्द्रित खेल पत्रकारहरू पनि क्रियाशील हुन थालेका छन् ।

आज नेपालमा सञ्चालन भइरहेका धेरैजसो टेलिभिजन तथा रेडियोले आफ्ना समाचार बुलेटिनमा नेपाली खेलकूद गतिविधिलाई समेट्दै आइरहेका छन् । विभिन्न खेलकूद कार्यक्रममार्फत खेलाडीहरूको सफलता, प्रतियोगिता, उनीहरूका समस्याजस्ता विषयवस्तु समावेश गर्ने गरिएको छ । पछिल्लो समयमा सबैजसो प्रमुख सञ्चारमाध्यम अनलाइनसँग जोडिएका छन् । हाल नेपालमा सञ्चालनमा आएका प्रायः अनलाइन पोर्टलहरूमा खेलकूदसम्बन्धी समाचारहरू दिने गरिएको छ ।

नेपालमा खेलकूद विधालाई मात्र केन्द्रित गरिएका केही अनलाइन पोर्टलहरूसमेत सञ्चालन भइरहेका छन् । यस्ता पोर्टलहरूमा विभिन्न खेलका विस्तृत जानकारी दिइने गरिएको छ । ती पोर्टलले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारणसमेत गर्ने गरेका छन् । खेलकूदमैं केन्द्रित गरिएका यस्ता करीब एक दर्जन समाचार पोर्टलमध्ये कुनैले राम्रो गरिरहेका छन् । अहिले क्रिकेट र फूटबल खेलजस्ता खेलका मात्र बेग्लाबेग्लै समाचार पोर्टल पनि नेपालमा सञ्चालन भइरहेका छन् ।

**खेलकूद पत्रकारिताप्रति आकर्षण**

नेपालमा खेलकूद पत्रकारितामा विशेषगरी युवा पत्रकारहरूको आकर्षण रहेको पाइन्छ । कतिपय अवस्थामा नाम चलेका टेलिभिजनका लागि कार्यक्रम बनाउने तथा टेलिभिजनको लाइभ कमेन्ट्री गर्ने खेल पत्रकार पनि सेलिब्रेटी जस्तै हुन्छन् । पहिले खेलाडीको रूपमा अनुभव हासिल गरिसकेकाहरू पछि खेल पत्रकार भएका पनि देखिएका छन् । लामो समय महावीर क्लबका तर्फबाट फूटबल खेलेका श्याम चित्रकार अहिले ८२ वर्षको उमेरमा पनि क्यामरा बोकेर खेलस्थलमा फोटो तथा भिडियो खिच्दै हिंडेको देख्न सकिन्छ ।

खेलकूद विधामा राजनीतिक तथा अपराधजस्ता विधाको तुलनामा जोखिम कम हुने गरेको छ । तापनि बेलाबखत पत्रकारहरू खेलमैदानमैं आक्रमणमा परेका छन् । समाचार कभरेज नगरेको, आफू अनुकूल समाचार नबनाएको जस्ता कारण देखाएर पत्रकारलाई तारो बनाएका घटना पनि देखिएको छ । बेलाबखत खेलाडी तथा खेल पदाधिकारीले खेल पत्रकारलाई धम्की दिएको घटना पनि भएका छन् । एउटै विषयमा केन्द्रित रहेर समाचार सङ्कलन गर्ने पत्रकारमा सम्बन्धित विषयमा विशेषज्ञता बढ्दै गएको देखिएको छ । नेपालमा खेलकूद पत्रकारिता बिस्तारै स्थापित हुने बाटोमा अग्रसर भइरहेको छ । अहिले खेलकूद विधा लिएर पत्रकारिता गर्ने पत्रकारको सङ्ख्या बढ्दै गइरहेको पाइएको छ ।

**खेल पत्रकार सङ्गठित**

नेपालमा खेलकूद विधामा काम गर्ने पत्रकारहरूको सङ्ख्या सीमित भए तापनि सङ्गठित भएका छन् । २०५२ सालमा स्थापना भएको नेपाल खेलकूद पत्रकार मञ्च निरन्तर सञ्चालन भइरहेको छ । अहिले नेपालमा भएका खेल पत्रकारहरूको यो सबैभन्दा ठूलो सङ्गठन हो । खेलकूद क्षेत्रमा बेलाबखत हुने गरेका विभिन्न विवादमा यो मञ्चले मध्यस्थता गरेर आफ्नो पहिचानलाई स्थापित गरेको छ । मञ्चले अग्रज खेलकूद पत्रकारलाई सम्मान गर्ने तथा नयाँ प्रतिभाशाली पत्रकारलाई प्रोत्साहित गर्ने काम पनि गर्ने गरेको छ ।


यसैगरी, मञ्चले एकेडेमी खोलेर खेल पत्रकारहरूलाई प्रशिक्षण दिने गरेको छ । मञ्चले काठमाडौं उपत्यकाका साथै विभिन्न जिल्लामा कार्यरत पत्रकारहरूलाई पेशागत तालीम सञ्चालन गर्दै आएको छ । नेपाल खेलकूद पत्रकार मञ्च अन्तर्राष्ट्रिय खेलकूद पत्रकार महासङ्घ (एआइपिएस) र एशियाली खेलकूद पत्रकार महासङ्घ (एआइपिएस एशिया)मा आबद्ध रहेको छ । नेपाल खेलकूद पत्रकार मञ्चलाई सन् २०२२ मा एशियाकै उत्कृष्ट खेलकूद पत्रकार सङ्घको पुरस्कार प्रदान गरिएको थियो । देशमा व्यावसायिक खेलकूद पत्रकारिता र खेलकूदको विकास र प्रवर्द्धनमा उत्कृष्ट काम गरेको कदर गर्दै सो सम्मान गरिएको थियो ।

**पत्रकार र खेलाडीको सम्मान**

नेपाल खेलकूद पत्रकार मञ्चले बर्सेनि प्रदान गर्ने गरेका विभिन्न विधाको खेल पुरस्कार अहिले नेपालकै सबैभन्दा ठूलो खेल पुरस्कारका रूपमा स्थापित हुन पुगेको छ । यस पुरस्कार अन्तर्गत वर्षको उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई पुरस्कृत गर्ने गरिएको छ । यसैगरी, वर्षमा उत्कृष्ट नतीजा ल्याउने खेलकूद सङ्घलाई पनि पुरस्कृत गर्ने गरिएको छ । अझ महत्त्वपूर्ण पुरस्कारका रूपमा लाइफटाइम एचिभमेन्ट पुरस्कार स्थापित हुन पुगेको छ । मञ्चले एशियाकै उत्कृष्ट खेल पत्रकारलाई पनि पुरस्कृत गर्ने गरेको छ ।

एआइपिएसले नेपाली खेल पत्रकार प्रज्वल ओलीलाई सन् २०२० मा

(बाँकी पाँचौं पातामा)



**दूधमती पोखरी :** धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नं ५ मा अवस्थित दूधमती पोखरी । यस पोखरीमा स्नान गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

## फरक समाचार

### हाम्रो व्यवहारमाथि तापमानको असर

तापमानको सीधा सम्बन्ध हाम्रो दिमाग र व्यवहारसँग हुन्छ । १२ देखि २१ डिग्री सेल्सियसमा हाम्रो मूड सबैभन्दा राम्रो हुन्छ । यस समय रिस पनि निकै कम



उठ्छ । द लैंसेट प्लेनेटरी हेल्थले अमेरिकाको ७७३ शहरमा बस्ने मानिसको व्यवहारमाथि तापमानको हिसाबले अध्ययन गरेका थिए । अध्ययन अनुसार बढी गर्म वा बढी चीसो भएपछि मान्छेमा रिस बढ्छ र भौतिकरूपले रिस वा आक्रोश नदेखिएपछि उसले अनलाइन जाहेर गर्छ ।

रिपोर्टमा भनिएको छ–अमेरिकामा हिट वेबको दौरान अनलाइन हेट स्पिच वा हेट टेक्स्टको मामिला निकै बढेको थियो । शोधकर्ताको भनाइ छ, अमेरिकामा २५ प्रतिशत ब्लैक र १० प्रतिशत हिस्पैनिक मान्छे अनलाइन हेट स्पिचको सबैभन्दा बढी शिकार हुन्छन् । मौसममा बदलावको कारण एलजिबिटिक्यु समुदायका मान्छे चार गुना बढी अनलाइन हेट स्पिचको शिकार भएका छन् ।

द लैंसेट प्लेनेटरी हेल्थ टीमले पोट्सडैम इन्स्टिट्च्युट फर क्लाइमेट इम्पैक्ट रिसर्चका लियोनी वेन्जको नेतृत्वमा मे २०१४ देखि २०२० सम्म ६ वर्षमा अमेरिकामा गरिएको चार सय करोड ट्वीट्सको जाँच गरेको थियो । यसको लागि उनले आर्टिफिसियल इन्टेलिजेन्सबाट एलगोरिदम तयार गरे, जसले हेट स्पिचलाई पहिचान गर्थ्यो । यसमा ७ करोड ५० ट्वीट हेट स्पिचको थियो अर्थात् कुल ट्वीटको २ प्रतिशत ।

टीमले यो जाँच गर्‍यो कि कुन ट्वीट कुन क्षेत्रबाट गरिएको हो र त्यस दिन त्यहाँको मौसम कस्तो थियो । जहाँ तापमान १५ देखि १८ डिग्री सेल्सियस थियो त्यहाँ हेट स्पिच ट्वीट थोरै बढी भएको थियो । –३ देखि –५ डिग्री सेल्सियस तापमानमा बस्ने मान्छेहरूले अन्यभन्दा १२ प्रतिशत बढी हेट स्पिच भएको ट्वीट गरेका थिए ।

मरुभूमि क्षेत्र जहाँको तापमान ४२ देखि ४५ डिग्री सेल्सियस थियो, हेट स्पिच भएको ट्वीटमा २२ प्रतिशतसम्म बढोत्तरी भयो । यस अध्ययनको अङ्ग रहेका आन्द्रोस लिभरमैन भन्छन्–बढी औसत आय भएको त्यस्ता क्षेत्र जहाँका बासिन्दाले एसी किन्न सक्छन्, त्यहाँ पनि तापमान बढेपछि मान्छेले धेरै हेट ट्वीट्स गरेका थिए । तर यस्तो होइन कि हामी मौसमसँग सामञ्जस्य बनाउन सक्दैनौं ।

हेट स्पिचको लागि शोधकर्ताको टीमले युनाइटेड नेशनको परिभाषालाई मानक माने । यस अनुसार कुनै पनि व्यक्ति वा समूहमाथि उसको धर्म, नस्ल, राष्ट्रियता, रङ्ग, लिङ्ग र कुनै पहिचानको आधारमा कुनै प्रकारको अपमानजनक टिप्पणी हेट स्पिचमा पर्दछ । यसमा सबैभन्दा मुश्किल ती टिप्पणीहरूको वर्गीकरण भएको थियो जुन एक समूह वा समुदायको लागि सम्मान वा माया र अर्कोको लागि अपमानजनक थियो ।

### २४ हजार वर्षसम्म केही नखाएर जीवित

संसारको सबैभन्दा चीसो स्थानमध्ये साइबेरिया र आर्कटिकको पर्माफ्रास्टबाट वैज्ञानिकहरूले एउटा सूक्ष्म जीवको खोज गरेका छन्, जुन लगभग २४ हजार



वर्षसम्म केही नखाएर बरफको चीसो चिहानमा पुरिएको थियो ।

बिबिसीमा प्रकाशित रिपोर्ट अनुसार यस जीवले आफूलाई बचाउन आफ्नो शरीरलाई नै जमाएको थियो । यो जीवलाई डेलायड रोटिफर्स वा व्हील एनिमल्स भनिन्छ । यो थुप्रै कोशिका भएको माइक्रोस्कोपिक जीव हो । यसको मुखको चारैतिर कपालका गुच्छा बनेको हुन्छ ।

शोधमा सहभागी वैज्ञानिकका अनुसार हिमयुगको दौरान साधारणतया सफा पानीमा बस्ने यो जीव पर्माफ्रास्टमा गएर जमेको हुन सक्छ । त्यस्तै यस खोजलाई लिएर रूसको इन्स्टिट्च्युट अफ फिजिकोकेमिकल एन्ड बायोलोजिकल प्राब्लम्स इन सोयल साइन्ससँग सम्बन्धित प्राध्यापक एस मालविनले भने–पहिले पनि यस्ता रोटिफर्स भेटिएको थियो, जुन –२० डिग्रीको तापमानमा १० वर्षसम्म बस्न सक्दथे । तर यसपटक उसको टीमले खोजेको रोटिफर्स लाखौं वर्ष पहिलेको हो ।

वैज्ञानिकका अनुसार डोलायड रोटिफर्सलाई जन्म दिनुपर्दैन, किनभने यो अलैङ्गिक हुन्छ । वैज्ञानिकले यो जीव खोजेपछि अनुसन्धान अगाडि बढाएपछि तब त्यस जीवले क्लोन बनाउन थालेको थियो । जहाँ यो जीव भेटिएको थियो त्यहाँको जमीन सख्त भइसकेको थियो । यस्तोमा त्यसभित्र रहने जीव लामो समयसम्म सुरक्षित रहन सक्छ ।

**के हो रोटिफेर्स**

रोटिफेर्स अत्यधिक छोटो जन्तुको श्रेणीमा आउँछ । यसको लम्बाइ ०.०४ देखि २ मिलिमिटरसम्म हुन्छ । यद्यपि यो ०.५ मिलिमिटरभन्दा लामो हुँदैन । आकारमा एकदमै छोटो भए पनि यसको शरीरभित्र एउटा जटिल न्युरो सिस्टम हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चक्रवात 'यागी'ले भियतनामको गाउँ ध्वस्त

हनोई, २६ भदौ/एएफपी

विनाशकारी चक्रवात 'यागी'पछिको वर्षाका कारण आएको पहिरोमा परी



भियतनामको लाओ काई प्रान्तको दुर्गम पहाडी गाउँ लाङ नुमा ठूलो क्षति भएको भियतनामी सञ्चारमाध्यमले बुधवार जनाएका छन् ।

पहिरोमा लाङ नु गाउँका कम्तीमा २२ जनाको मृत्यु हुनुका साथै अन्य ७३ जना बेपत्ता रहेका स्थानीय अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएका छन् ।

अधिकारीहरूले भियतनाममा मात्रै १४० भन्दा बढीको मृत्यु भएको जानकारी गराएका छन् । लाओस, थाइल्यान्ड र म्यान्मा पनि आँधीबेहरीपछि आएको बाढीबाट प्रभावित भएका छन् ।

भियतनामी राजधानी हनोईको 'रेड रिभर'नजीकै १५ वर्षदेखि बस्दै आएका ४१ वर्षीय गुयेन ट्रान भ्यानले भने–"यो मैले आजसम्म देखेको सबैभन्दा खतरनाक बाढी हो ।

पानीको स्तर यति छिटो बढ्छ भन्ने मैले सोचेको थिइनँ । हामीले भाग्न अलिकति मात्र ढिला गरेको भए आज स्थिति फरक हुन्थ्यो ।"

राष्ट्रिय सञ्चारमाध्यमका अनुसार हनोईले सन् २००८ पछिको सबैभन्दा खतरनाक बाढीको सामना गरेको हो । नदीमा पानीको स्तर द्रुत गतिमा बढेपछि रेड नदीको किनारमा बसोवास गर्ने सयौं बासिन्दाको उद्धारका लागि प्रहरी, सैनिक र स्वयंसेवकहरू तैनाथ गरिएका छन् ।

हाल कुल १६ वटा प्रान्त र शहर आकस्मिक बाढी र पहिरोको जोखिममा रहेका छन् । भियतनामी सरकारले ३० वर्षमा उत्तरी भियतनाममा आएको सबैभन्दा शक्तिशाली आँधी यागीबाट ज्यान गुमाउनेको सङ्ख्या देशभरि १४३ पुगेको र ५८ जना अझै बेपत्ता रहेको बताएको छ । यो तथ्याङ्कमा मङ्गलवारको पहिरो पीडितको सङ्ख्या समावेश छ वा छैन स्पष्ट छैन ।

"बेपत्ताहरूको खोजीका लागि पहिरो गएको क्षेत्रमा सेना परिचालन गरिएको छ"–पार्टीका जिल्ला प्रमुख होआङ क्वोक बाओले बताए ।

त्यसैगरी, छिमेकी राष्ट्र लाओसको लुआङ प्रबाङ प्रान्तका केही नदीमा पानीको सतह चेतावनीको स्तरमा पुगेको छ ।

उत्तरी थाइल्यान्डको चियाङ माईमा पहिरोमा परी दुई र चियाङ राईमा अन्य दुईजनाको मृत्यु भएको छ ।

म्यान्माका बासिन्दा र स्थानीय सञ्चारमाध्यमले जानकारी गराए अनुसार बाढीले पूर्वी शान राज्यको टाचिलिक शहरमा बिजुली र टेलिफोन लाइन अवरुद्ध भएको र भारी वर्षाको पूर्वानुमान गरिएको छ ।

दक्षिणपूर्वी एशियामा वार्षिक भारी मनसुनी वर्षा हुन्छ तर प्रकृतिमा मानवीय हस्तक्षेपले गर्दा हुने जलवायु परिवर्तनले बढी तीव्र मौसमी परिवर्तन निम्त्याएको छ, जसले विनाशकारी बाढीको सम्भावना बढाउन सक्छ । रासस

# इयूले चिनियाँ विद्युतीय सवारीमा 'पुनर्विचार' गर्न आवश्यक –स्पेनी प्रधानमन्त्री

साङ्घाई, २६ भदौ/एएफपी

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले बुधवार युरोपेली सङ्घ (इयू)को चिनियाँ विद्युतीय सवारीमाथि ३६ प्रतिशतसम्म आयात शुल्क लगाउने योजनामा पुनर्विचार गर्न आवश्यक रहेको बताउँदै दुई आर्थिक शक्तिबीच सम्झौता गर्न आह्वान गरेका छन् ।

युरोपेली आयोगले गत महीना चीनबाट आयात हुने विद्युतीय सवारीसाधनमा पाँच वर्षका लागि ३६ प्रतिशतसम्म आयात शुल्क लगाउने घोषणा गरेको थियो । त्यसलगत्तै बेइजिङले चीनमा आयात गरिएका केही दुग्ध उत्पादनहरूमा इयूको अनुदानबारे अनुसन्धान शुरू गर्ने बताएको थियो ।

सान्चेजले शुल्कबारे सोधिएको प्रश्नमा सञ्चारकर्मीसँग भने–"आयात शुल्कसम्बन्धी विषयमा पक्ष राष्ट्र मात्र नभई हामी सबैलाई पुनर्विचार गर्न आवश्यक छ भन्ने मलाई लाग्छ ।"

"युरोपेली सङ्घ र चीनबीच सम्झौताको माध्यम निर्माण गर्न आवश्यक छ । हामी रचनात्मक ढङ्गबाट चीन र युरोपेली आयोगबीच सम्झौता गरेर



समाधान खोज्ने प्रयास गर्नेछौं ।"

सान्चेजले चीन भ्रमणका क्रममा राष्ट्रपति सी जिनपिङलगायत शीर्ष अधिकारीसँग भेट गरेका थिए र विश्वको दोस्रो ठूलो अर्थतन्त्रसँग 'संवाद र सहयोग'को आह्वान गरेका छन् ।

युरोपेली सङ्घ र चीनबीच बढ्दो व्यापारिक तनावबीच सान्चेजले चीनको भ्रमण गरेका हुन् । सान्चेजले सोमवार म्याड्रिड र बेइजिङलाई 'निष्पक्ष व्यापार व्यवस्था'का लागि आह्वान गरेका छन् ।

"हामीले वार्ताको माध्यमबाट दुई पक्षबीचको मतभेद समाधान गर्दै मिलेर अघि बढ्नुपर्छ"–उनले सीसँग भेटेपछि सामाजिक सञ्जालमा लेखेका छन् ।

चीन र युरोपेली सङ्घबीच हालैका वर्षमा व्यापार, प्रविधि र राष्ट्रिय सुरक्षासम्बन्धी विभिन्न मुद्दामा मतभेद चलिरहेको छ ।

चिनियाँ विद्युतीय सवारीसाधनमा अनुदान दिनु युरोपको विशाल सवारीसाधन निर्माण उद्योगका लागि खतरा रहेको भन्दै ब्रसेल्सले सौर्य प्यानल, विन्ड टर्बाइन र रेलहरूका लागि चिनियाँ अनुदानबारे छानबीन शुरू गरेको थियो ।

युरोपेली आयोगका एक अधिकारीले इयू चीनसँग व्यापारिक विवाद समाधान गर्न तयार रहेको र वार्ताका लागि अन्य आवश्यक पहल चीनमा निर्भर गर्ने बताए ।

बेइजिङले इयूको अतिरिक्त शुल्क योजनाविरुद्ध विश्व व्यापार सङ्गठनमा अपील गरेको छ । त्यसैगरी, ब्रसेल्सले शुल्कहरू विश्व व्यापार सङ्गठनको नियमअनुरूप छन् भन्ने विश्वास व्यक्त गरेको छ । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष: प्रगति | वृष: रोगभय |
| मिथुन: यात्रालाभ | कर्कट: कडापरिश्रम |
| सिंह: सुसमाचार | कन्या: उदरपीडा |
| तुला: विजय | वृश्चिक: धनलाभ |
| धनु: भाग्योदय | मकर: बेचैनी |
| कुम्भ: धनलाभ | मीन: सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






बिक्रीका लागि बजार लैजान व्यवस्थापन गरी राखिएको भोजपुरको पूर्वी पौवादुङमा गाउँपालिकामा उत्पादन भएको अकबरेखुर्सानी । उक्त खुर्सानी तराईका जिल्लाहरूमा बढी ढुवानी गरिन्छ । तस्बिरः निरोज कोइराला/रासस

**कृष्ण र राधाको...**

सङ्घर्ष गरे भने अर्कोतिर खुब मोजमस्ती पनि गरे । उनी गाई चराउन वन जाँदा होस् चाहे अन्य बाललीला गर्दा होस्, सधैं साथीहरूबीच रमाउँथे । भनिन्छ, गाई चराउँदाका बखत उनका सबैभन्दा निकटको मित्र वा साथी हुन् राधा र गुरुकुलमा विद्यार्जन गर्दाको अवस्थाका साथी हुन् सुदामा । जहाँ मित्रताको दृष्टान्त आउँछ त्यहाँ कृष्ण र सुदामाको मित्रताको प्रसङ्ग आउँछ नै । कृष्ण र सुदामाको मित्रताको उदाहरणविना मित्रताका सबै उदाहरण अधूरा बन्न पुग्दछन् । ठीक यस्तै जहाँ कुनै देवीदेवताको चित्र वा प्रतिमाको सन्दर्भ आउँछ, त्यहाँ कृष्णसित राधाकै प्रसङ्ग हुन्छ । जसरी भगवान् श्रीकृष्ण र सुदामा मित्र थिए त्यसरी नै श्रीकृष्ण र राधा पनि सखा थिए । दुवै अभिन्न बाल सखा थिए ।

जसरी बालबालिकामा हुन्छ, त्यसरी नै दुवै बालसखामा अनन्त प्रेम थियो । दुवै बालसखा कुनै विशेष परिस्थितिले अलग भए । सबैलाई थाहा छ, श्रीकृष्ण जब मामा कंलाई मार्न हिंडेका थिए तब राधासित भेट भएको थियो र त्यही भेट अन्तिम थियो । राधा र श्रीकृष्णबीच लामो संवाद भएको थियो । राधा र श्रीकृष्णको जन्मथलो पनि एकै ठाउँ होइन । यद्यपि दुवै बाल सखा हुन् । अत्यन्त निकटका साथी हुन् । दुवै कति निकट थिए भने जति निकटको कल्पना गर्न सकिन्छ, अर्थात दुवैबीच कुनै दूरी थिएन । एक आत्मा र दुई शरीर जत्तिकै निकट थिए । एकलाई नहेरी अर्को जीवित नरहनेसम्म निकट थिए । जति नजीक दुनियाँले देख्ने किसिमको निकटता थियो, त्योभन्दा बढी निकट, दुनियाले देख्न नसक्ने किसिमले निकट थिए । यद्यपि श्रीकृष्ण जीवनीको एउटा विशिष्टता यो पनि छ कि जहाँ अति हुन्छ, त्यहाँबाट श्रीकृष्ण च्वाट्टै अलगग भइदिन्छन् ।

जब नन्दबाबाको घरबाट निस्के त्यसपछि राधा र श्रीकृष्णको भेट लामो समय भएन । कैयौं युगसम्म भएन । श्रीकृष्ण धेरै कठिन सङ्घर्षमा अल्झे । कंसको बध भएपछि श्रीकृष्णको जीवन राजनैतिक हुन पुग्यो । राजनीतिमा श्रीकृष्ण यति धेरै अल्झिए कि राधासित भेट गर्ने अवसर नै मिलेन । दुई चार वर्ष होइन, करीब असी वर्षसम्म दुवैको भेट हुन पाए । अब कल्पना गरौं जब कुनै दुई व्यक्तिबीच असी वर्षसम्म भेट हुँदैन भने दुवैजनाको अवस्था कस्तो भएको होला । महाभारत युद्ध समाप्त भइसकेर जब श्रीकृष्ण निकै निराश थिए तब उनलाई कोही भेट्न आएका हुन्छ, अत्यन्त जीर्ण शरीर लिएर । उनी आँखाले देख्न नसक्ने अवस्थामा थिए । श्रीकृष्णको अगाडि परेपछि मात्र आगन्तुकलाई आभास हुन्छ कि म श्रीकृष्णको नजिक छु । उनी स्पर्श गर्छिन् । बाल्यकालको सम्झना ताजा हुन्छ । सम्भवतः राधाको भौतिक जीवनको यो अन्तिम क्षण हुन्छ । यसै भेटका लागि राधाको भौतिक शरीर बाँचेको हुन्छ । दुवैले वार्धक्यमा जिन्दगीको सार साटासाट गर्छन् । जीवनको मूल्यबारे छलफल गर्दछन् । महाभारत युद्धमा श्रीकृष्णले खेलेको भूमिकाभन्दा धेरै बढी आध्यात्मिक जानकारी राधालाई भइसकेको हुन्छ । राधाले त श्रीकृष्णलाई सानैदेखि भगवान्कै रूपमा स्वीकार गरेकी हुन्छिन् ।

राधा र श्रीकृष्णको युवावस्थामा भेट भएन । वृद्धावस्थामा भेट हुँदा पनि दुवैमा उत्तिकै प्रेम देखिन्छ । राधा केवल भगवान् श्रीकृष्णमा समर्पित हुन बाँचेकी थिइन् । यदि राधाको जीवनचरितको अध्ययन गर्ने हो भने राधाले गर्नुपरेको सङ्घर्ष कति विशाल छ । राधाको विवाह पनि भगवान् श्रीकृष्णसित भएको थिएन । राधा अविवाहित रहिन् भन्ने पनि होइन, उनको विवाह भएको थियो तर उनले आफूलाई श्रीकृष्णमा समर्पित गरिसकेकी थिइन् ।

राधाले पनि आफ्नो जीवनमा जतिसुकै दुःख र कष्ट परे पनि जहाँ श्रीकृष्ण छन् एकपटक त्यहाँ पुग्ने धोको राखेकिथिइन । श्रीकृष्ण मनोयोगले आफ्नो कर्म गरून्, आफूतिर ध्यान खिचिएर श्रीकृष्णको कर्ममा बाधा पर्छ भन्ने लागेको थियो होला । तर जीवन हो । समयको नदी निरन्तर बगिरहन्छ । एक दिन यस्तो लाग्न थाल्छ कि बिस्तारै आँखाले कम काम गरिरहेको छ, कानले कम सुनिरहेको छ, कुनै पनि कुराको स्वाद कम भइरहेको छ, दैहिक र भौतिक वस्तुप्रति आकर्षण घट्दो छ, अर्थात् अब शरीरको औचित्य कम हुन थालेको अनुभूति हुन्छ । अनि जीवनभन्दा यो भौतिक शरीरको परित्याग सहज लाग्न थाल्दछ । अब पनि श्रीकृष्णसित भेट नगर्ने ? यही विचार गरेर राधा भेट्न पुग्छिन् श्रीकृष्णलाई । यसरी पनि भन्न सकिन्छ, आफ्नो आत्मालाई सन्तुष्ट पार्दै श्रीकृष्णमा विलीन हुन चाहन्छिन् र जहाँ हुन्छन् श्रीकृष्ण, त्यहीं पुग्दछिन् । थाहा पाएको कुरा हो, नदी जतिसुकै ठूलो भए पनि अन्ततः विलीन हुने समुद्रमैं हो । समुद्र कहिल्यै आफूमा समाहित गर्न नदीलाई खोज्दैन ।

श्रीकृष्णका अनेक गोपिनी र कैयौं पत्नीबीच राधाको नाम छैन । भगवान् श्रीकृष्णसित आत्मिक प्रेम गर्ने, भक्त र भगवानको पवित्र प्रेम भएकी पात्र हुन् राधा । राधाको जीवनको चर्चा श्रीकृष्णसँगै शुरू हुन्छ र श्रीकृष्णमैं गएर विलीन हुन्छ । राधासित श्रीकृष्णले प्रेम गरेका थिए कि लीला ? यो सामान्य नरले बुझ्न सक्ने विषय होइन, तर भनिन्छ राधाको प्रेम र समर्पण यस कोटिको थियो कि केवल राधा उच्चारण गर्दा श्रीकृष्ण उच्चारण भइसकेको हुन्छ ।

**मौलाउँदैछ ...**

एआइपिएस स्पोर्ट्स मिडिया अवार्ड प्रदान गरेको थियो । विश्वभरका १२५ देशका खेल पत्रकारलाई उछिन्दै उनले 'उत्कृष्ट स्तम्भलेखन' अवार्ड प्राप्त गरेका थिए । पुरस्कार आठ हजार अमेरिकी डलरको थियो ।

**खेल पत्रकारिताका चुनौती**

नेपाली खेलकूद पत्रकारितामा लागेकाहरूले भोग्नुपरेको मुख्य चुनौती भनेको काम गरेको सञ्चारमाध्यमको स्थायित्व हो । सञ्चारमाध्यम बन्द हुने, कर्मचारी कटौती गरिने, न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता रहेको जस्ता कारणले खेल पत्रकारलाई विभिन्न मिडियाहरू चहार्दै हिंड्नु चुनौती मानिएको छ । यस्तै, खेल पत्रकारलाई धेरै खेलको ज्ञान हुनु पर्ने आवश्यकता रहेको छ । सञ्चारमाध्यमले विभिन्न खेलैपिच्छे बेग्लाबेग्लै समाचारदाता राख्न नसक्ने भएकोले एकै पत्रकार विभिन्न खेलमा जानकार हुनु चुनौतीपूर्ण मानिन्छ ।

यस्तै, खेल पत्रकारले दिनहुँ भोग्नुपरेको अर्को चुनौती भनेको समयसीमा हो । समयमैं खेलमैदानमा पुग्नुपर्ने र सञ्चारमाध्यममा निश्चित अवधिभित्र समाचार बुझाउनुपर्ने बाध्यताले खेल पत्रकारलाई सधैं पछ्याइरहेको हुन्छ । विभिन्न कीर्तिमानहरूको सत्यतथ्य जाँच गर्नुपर्ने बाध्यता पनि उसलाई हुन्छ । नेपालमा खेलाडीहरूको कीर्तिमान नेपाली खेलकूदको आधिकारिक निकाय राष्ट्रिय खेलकूद परिषद्मा समेत व्यवस्थित नरहेको अवस्थामा आधिकारिक रेकर्डहरू खोज्न समस्या हुने गर्छ । अर्को चुनौती भनेको पूर्वाग्रहरहित हुनु हो । खेल पत्रकारका हरेक समाचार निष्पक्ष र तटस्थ हुनु जरुरी रहेको छ ।

नेपालमा हालसम्म प्रकाशित खेलकूदसम्बन्धी पत्रपत्रिकाहरू नियमित हुन सकेका छैनन् । कैयौं पत्रिका प्रकाशित भएर पनि बन्द भएका छन् । विगत केही दशकदेखिको यो समस्या अहिलेसम्म पनि विद्यमान रहेको नै पाइन्छ । सीमित बजार, विज्ञापनमा कमी जस्ता कारणले खेलकूद पत्रिकाहरूको स्थायित्व हुन सकेको छैन ।

नेपालमा सयौं टेलिभिजन स्थापना भइसकेका भएपनि हालसम्म एउटा पनि खेलकूद च्यानल खुल्न सकेको छैन । यसै कारण नेपाली दर्शकहरूले कुनै महत्त्वपूर्ण खेलकूद प्रतियोगिता हेर्नका लागि भारतीय वा अन्य विदेशी च्यानलको सहारा लिइरहनुपरेको अवस्था छ । नेपाल टेलिभिजनले हालसम्म पाँचवटा च्यानल खोलिसक्दा पनि एउटा खेलकूद च्यानल खोल्नका लागि कुनै पहल गरेको छैन । आर्थिक विकास तथा प्रशासन केन्द्र सेडाले सन् २००३ मा गरेको सर्वेक्षणमैं नेपाल टेलिभिजनलाई खेलकूद च्यानल खोल्नका लागि सुझाव दिएको थियो । नेपालमा कुनै कुनै महत्त्वपूर्ण खेल प्रतियोगिता हुँदा नेपाली टेलिभिजनहरूबीच त्यसको प्रसारण अधिकार लिन होडबाजी नै चल्ने गरेको छ । तर नियमितरूपमा खेलकूद च्यानल खोल्न भने कुनै टेलिभिजनले पनि प्राथमिकता दिएका छैनन् ।

**निष्कर्ष**

नेपाली खेलकूदजगत्ले सञ्चारमाध्यममा आवश्यक मात्रामा महत्त्व पाउन सकेको छैन । खेलकूदसम्बन्धी समाचारलाई हाल उपलब्ध भइरहेको स्थान तथा समय पर्याप्त छैन । खेलकूदका सबै विधा तथा विविध खेलकूद प्रतियोगिताहरूलाई सञ्चारमाध्यमहरूले समेट्न सकेका छैनन् । रेडियो तथा टेलिभिजनबाट खेलकूदसम्बन्धी समाचार, कार्यक्रम प्रस्तोताप्रति दर्शकहरूले अझै बढी अपेक्षा गरेका छन् । अन्य विदेशी च्यानल सरह नेपालका टेलिभिजनहरू प्रविधिका दृष्टिले समृद्ध हुन सकेका छैनन् । हालसम्म नेपालमा खेलकूद मात्र देखाइने टेलिभिजन च्यानल खुल्न सकेको छैन ।

मुलुकको ठूलो जनसङ्ख्याका रूपमा रहेका युवा जमातलाई अनुशासित बनाएर जिम्मेवार आम सञ्चारमाध्यमहरूले आफ्नो माध्यमलाई अझ लोकप्रिय बनाइ पाठक, श्रोता र दर्शकहरूको सङ्ख्या बढाउन खेलकूद महत्त्वपूर्ण माध्यम बन्न सक्छ । यसका लागि सरकार तथा सञ्चारमाध्यमले खेलकूद पत्रकारितालाई उचित प्राथमिकता, यथोचित लगानी तथा पत्रकारहरूको पेशागत दक्षता एवं वृत्तिविकासतर्फ ध्यान दिनु जरुरी देखिएको छ । (लेखक खेलकूद पत्रकारिताका जानकार हुन् । रासस)



देशका तीनै तहका सरकारलाई गिज्याइरहेको वीरगंज महानगरपलिका–१५ स्थित १८ बिघा क्षेत्रफलमा फैलिएको नारायणी रङ्गशाला। यही रङ्गशालामा विसं २०४४ सालमा तेस्रो राष्ट्रिय खेलकूद प्रतियोगिता भएको थियो। रङ्गशाला रहेको पर्सा जिल्लाबाट सङ्घमा तीनजना र प्रदेशमा दुईजना मन्त्री छन्। यसै जिल्लाका प्रदेशमा खेलकूदमन्त्री पनि छन्। जिल्लावासी प्रतीक्षारत छन् कहिले यो रङ्गशालाको कायापलट हुन्छ भनी। तस्वीर सौजन्यः हिमाल लम्साल/रासस

# वडाध्यक्षको मृत्युबारे उच्चस्तरीय छानबीन गर्न माग

प्रस, महोत्तरी, २६, भदौ/

महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २ का अध्यक्ष मुकेशकुमार यादवको मृत्युबारे तत्काल अनुसन्धान गर्न नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सरकारसँग आग्रह गरेका छन्।

वडाध्यक्ष यादवको गत भदौ ९ गते महोत्तरीको बर्दिबास र औरही नगरपालिकाको सिमानामा शव फेला परेको थियो। यादवको स्मृतिमा बुधवार आयोजित श्रद्धाञ्जलिसभालमा अध्यक्ष प्रचण्डले यस्तो आग्रह गरेका हुन्।

मृतक यादवका परिवारजन र जिल्लास्थित राजनीतिक दलहरूले यादवको हत्या भएको हुन सक्ने आशङ्का गर्दै उच्चस्तरीय अनुसन्धानको माग गर्दै आएका छन्। घटनाको प्रकृति र घटनाक्रम हेर्दा हत्या भएको देखिने तर प्रहरीले अनुन्धानमा चासो नदेखाएको स्थानीयको गुनासो छ।




यसै सन्दर्भमा आयोजित श्रद्धाञ्जलिसभामा निवर्तमान प्रधानमन्त्री प्रचण्डले यादवको निधनबारे उच्चस्तरीय छानबीनका लागि सरकारलाई आफूले भनिसकेको जानकारी गराउँदै फेरि पनि आग्रह गरिने बताए। "तब पनि लापरवाही गरियो भने परिणाम भयानक हुन सक्छ, सरकारलाई हेक्का रहोस्," उनले चेतावनी दिए।

घटनाको निष्पक्ष छानबीन हुनै पर्नेमा जोड दिंदै उनले स्थानीय जनसमुदायले निरन्तर आवाज उठाइरहन सुझाए। यसका लागि आवश्यक परे आन्दोलन पनि गर्नुपर्ने स्थिति आउन सक्ने प्रचण्डको भनाइ थियो। अध्यक्ष प्रचण्डले पतिवियोगमा रहेकी अध्यक्ष यादवकी पत्नीलाई अब राजनीतिक र सामाजिक काममा अघि बढ्न प्रेरित गर्नुपर्ने बताए।

बितेको स्थानीय तह निर्वाचनमा माओवादी केन्द्रको तर्फबाट निर्वाचित वडाध्यक्ष यादव राजनीतिक कार्यकर्ता मात्र नभई मधेसको सामाजिक अभियन्ता पनि थिए भन्दै उनले यादवको स्मृतिमा फाउन्डेशन बनाउन र यादवका छोराछोरीको पठनपाठनको व्यवस्था मिलाउन प्रदेश र जिल्ला पार्टीलाई निर्देशन दिएका छन्।

कार्यक्रममा स्व यादवकी पत्नी आइती यादवले आफ्नो पतिको हत्या नै भएको आशङ्का छ भन्दै सत्यतथ्य छानबीनका लागि पहल गरिदिन माओवादी केन्द्र र पार्टी अध्यक्ष प्रचण्डलाई अनुरोध गरेकी थिइन्।

श्रद्धाञ्जलिसभामा पार्टी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेताहरू अग्नि सापकोटा, जनार्दन शर्मा, गिरिराजमणि पोखरेललगायतको सहभागिता थियो।






# खेलकूदको संसार

## एन्फा महिला लिग : पुलिस क्लबद्वारा कोशी प्रदेश पराजित

काठमाडौं, २६ भदौ/रासस

एन्फा महिला लिग अन्तर्गत बुधवार भएको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई पराजित गरेको छ। जीतसँगै पुलिस क्लब लिगको शीर्ष स्थानमा उक्लिएको छ।



ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज भएको खेलमा पुलिसले कोशी प्रदेशलाई ४–० गोलअन्तरले पराजित गरेको हो। शीर्ष स्थानमा उक्लिएको पुलिसले चार खेलबाट १० अङ्क जोडेको छ। प्रतियोगितामा पहिलो हार बेहोरेको कोशी नौ अङ्क जोड्दै दोस्रो स्थानमा छ।

पुलिसका लागि अनुष्का शेर्पा, निर्मला उपाध्याय, सम्झना लावती र अमृता जैसीले गोल गरे। पुलिसले खेलको २४औं मिनेटमा अनुष्काको गोलमार्फत सुरुआती अग्रता लिएको थियो। खेलको ४६औं मिनेटमा पुलिसकी निर्मलाले दोस्रो गोल गरिन्।

यस्तै, खेलको ८०औं मिनेटमा सम्झनाले गोल गर्दै पुलिसलाई ३–० को अवस्थामा पुर्‍याइन्। त्यसपछि खेलको ८८औं मिनेटमा अमृताले गोल गरेर पुलिसलाई ४–० गोलको जीत दिलाइन्।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले आयोजना गरेको उक्त प्रतियोगितामा १० वटा टोलीको सहभागिता छ।

## टी–२० विश्वकप एशिया छनोटका लागि खेलाडी छनोट

काठमाडौं, २६ भदौ/रासस

आइसिसी यू–१९ महिला टी–२० विश्वकप एशिया छनोटका लागि पहिलो चरणमा २९ खेलाडी छनोट भएका छन्।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले बुधवार सार्वजनिक गरेको प्रेस विज्ञप्ति अनुसार पूजा महतो, सोनी पाख्रिन, ऐली यादव, किरणकुमारी कुँवर, त्रिशना विक, मनीषा उपाध्याय, रिया शर्मा, करिश्मा गुरुङ, पूजा साउद, विपशा शाही, साना प्रवीण, प्रतिमा शाह, स्नेहा महरा र सावित्रा धामी छनोटमा परेका छन्।

त्यस्तै, अनु कडायत, मनीषा बोहोरा, करिश्मा थापा, रविना साउद, सुस्मिता भुसाल, अलिशाकुमारी यादव, भवानी कमाती, आरती महतो, पूजा महतो, कुशम गोदार, सिमाना केसी, ज्योत्सनिका मरासिनी, निरु जिटी, सेरिना थापा, रचना चौधरी र आश्मा पुलामीमगर पहिलो चरणमा छनोटा भएका छन्।

टी–२० विश्वकप एशिया छनोट आगामी नोभेम्बरमा युएईमा हुने क्यानले जनाएको छ।

## ताप्लेजुङ गोल्डकपबाट ५५ लाख आम्दानी

फुङ्लिङ (ताप्लेजुङ), २६ भदौ/रासस

ताप्लेजुङ गोल्डकप २०८१ को बुधवार पत्रकार सम्मेलनमार्फत आय–व्यय विवरण सार्वजनिक गरिएको छ। सहयोग तथा टिकट बिक्रीबाट रु ५५ लाख ६४ हजार १२९ आम्दानी भएको हो।

कोषाध्यक्ष निरोज श्रेष्ठका अनुसार कार्यक्रम सम्पन्न गर्न रु ७३ लाख २० हजार ७४८ खर्च भएको छ। हाल समितिले रु १७ लाख ५६ हजार ६१९ तिर्न बाँकी रहेको छ। त्यो रकम स्थानीय तह, हाइड्रोपावर कम्पनी, सङ्घसंस्था तथा बाँस बिक्रीमार्फत सङ्कलित आम्दानीबाट तिर्ने योजना रहेको आयोजकले जनाएको छ।

फुङलिङ नगरपालिकाले रु पाँच लाख सहयोग गरेको छ भने मेरिङदेन र मैवाखोला गाउँपालिकाले रु एक/एक लाखका दरले सहयोग गर्ने निर्णय गरेका छन्। अन्य पालिकाहरूले पनि सहयोगको प्रतिबद्धता जनाएका छन्। जिल्ला समन्वय समितिले रु ५० हजार सहयोग गर्ने निर्णय गरेको छ भने स्पार्क हाइड्रोपावर, पाथीभरा केबलकार र सानिमा मध्यतमोर हाइड्रोपावरलगायतका संस्थाबाट रकम उठ्न बाँकी रहेको आयोजकले जनाएको छ।

खेल अवधिभर टिकट बिक्रीबाट रु २३ लाख ७६ हजार छ सय र विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट रु ३१ लाख ८७ हजार ५२९ सङ्कलन गरिएको छ। यस रकमले प्रतियोगितामा पुरस्कार वितरण, खेलमैदान तयारी, स्टेज व्यवस्थापन, ट्रफी, मेडल, टीम व्यवस्थापनलगायत विभिन्न खर्च धानिएको छ।

पूर्वखेलाडीहरूको सम्मान, रेफ्री र अफिसियल व्यवस्थापन, यातायात, मिडिया, मेडिकल, खाजा खर्चलगायतका विभिन्न शीर्षकमा पनि उल्लेखनीय खर्च भएको छ। साथै लाखेजात्रा सञ्चालन समितिले रु पाँच लाख ८८ हजार ८१० को अचल सम्पत्ति जोडेको छ र रु १८ लाख ५० हजार बैंक खातामा राखेको छ। त्यसलाई आगामी योजनाका लागि सुरक्षित गरिएको कोषाध्यक्ष श्रेष्ठले बताए।


## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपद्ले आपत्कालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपद्मा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपद्बाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपद्को बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद् परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद् प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपद्को अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्धार, राहत, पुनर्स्थापना, पुनर्लाभमा सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## सबैजना साक्षर हुनुपर्छ –शिक्षा प्रमुख फुयाँल

प्रस, पोखरिया, २६ भदौ/

जीराभवानी गाउँपालिका कार्यालयका शिक्षा शाखा प्रमुख शिवराज फुयाँलले सबैजना साक्षर हुनुपर्ने बताए।



क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोगमा आसमान नेपाल र जीराभवानी गापाले ५८औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा निमावि र माविस्तरीय हाजिरीजवाफ प्रतियोगिताको बुधवार उद्घाटन गर्दै शिक्षा शाखा प्रमुख फुयाँलले सरकारले नागरिक साक्षरताका लागि धेरै लगानी गरेको बताए।

उनले विद्यालयस्तरमा अहिले शिक्षाको महत्त्व बढ्दै गएको र यसलाई अझ बढी प्रभावकारी बनाउनका लागि विद्यार्थीहरूमा रहेको भेदभावको नीतिमा परिवर्तन हुनुपर्ने बताए। जात, रङ्ग, वर्णका आधारमा विद्यार्थीहरूमा भेदभाव नगरी समानरूपले शिक्षा आर्जन गर्ने वातावरणको निर्माण गरिएको खण्डमा सबैजनाको पहुँच शिक्षामा हुने र यसले देश, समाज र परिवारमा पनि समृद्धि ल्याउने बताए।

बितो महतो माविका प्रधानाध्यापक रामाशङ्कर चौधरीको अध्यक्षतामा भएको हाजिरीजवाफ प्रतियोगिता उद्घाटन समारोहमा आमोदप्रसाद यादव, प्रअ शम्भु महतो, आसमान नेपालका मनोज साहलगायतले जीराभवानी गापामा रहेका सामुदायिक विद्यालय अन्तर्गत निमावि र मावि तहका विद्यालयहरूको अवस्थाका बारे चर्चा गरेका थिए।

प्रतियोगितामा पाँचवटा विद्यालय सहभागी रहेकामा नेरामावि कठक्युइया वसन्तपुर प्रथम, बितो महतो मावि द्वितीय र नेरा आधारभूत निमावि शङ्करसरैया तृतीय भएका थिए।